लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
# नयाँ विमर्श
प्रेस काउन्सिल नेपालबाट “क” वर्गमा वर्गीकृत
Naya Bimarsha Weekly

वर्ष १९, अंक ४३, २०८३ जेठ २९ गते शुक्रबार (June 12, 2026) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रू.१०।- (संस्थागत रु.१५।-) website: www.nayabimarsha.com

## अर्थमन्त्री वाग्लेमाथि ‘देशद्रोह’को आरोप



काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टीबाट अर्थमन्त्री बनेका डा. स्वर्णिम वाग्लेलाई देशद्रोह गरेको र राष्ट्रघात गरेको गम्भीर आरोप लागेको छ।

अर्थमन्त्री वाग्लेलाई करका दर हेरफेर गरेको र संसदमा दर्ता भैसकेको आर्थिक विधेयकका १६ पाना हटाएर नयाँ रुपमा विधेयक अगाडि सारेपछि विपक्षीहरुले अर्थमन्त्री माथि संसदीय छानविन हुनुपर्ने बताएका छन्। प्रतिपक्ष दल नेकपा (एमाले) ले संसदीय छानविन समितिलाई बटमलाइन बनाएको छ। राष्ट्रिय प्रजातन्त्र पार्टी संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले अर्थमन्त्री वाग्लेमाथि देशद्रोहीको आरोप लगाएका छन्।

अर्थमन्त्री वाग्लेले गत जेठ १५ गते ल्याएको आर्थिक विधेयक ४ सय ६४ पृष्ठको रहेकोमा अर्थमन्त्रालयको बेवसाइटमा राखिएको बाँकी ७ पृष्ठमा

# सरकारमाथि बढ्दो दबाब

**भक्तपुर/ पछिल्ला केही सातायता राष्ट्रिय राजनीतिको केन्द्रमा सरकार, सत्तारूढ नेतृत्व र प्रमुख राजनीतिक व्यक्तित्वहरू रहेका छन्। मन्त्रिपरिषद् पुनर्गठनदेखि संसदमा उठेका विवादास्पद अभिव्यक्ति, पुराना घटनाका फाइल पुनः खोल्ने घोषणा, बजेट निर्माण प्रक्रियामाथि उठेका प्रश्न, भारतसँगको कूटनीतिक सम्बन्ध र प्रतिपक्षी दलहरूको आक्रामक भूमिकासम्मका विषयले राजनीतिक वृत्तलाई तातो बनाएको छ। यी घटनाक्रमले सरकारको कार्यशैली, राजनीतिक प्राथमिकता र आगामी रणनीतिबारे व्यापक बहस सिर्जना गरेको छ।**



सरकारले हालै सुदन गुरुङलाई पुनः गृहमन्त्रीको जिम्मेवारी दिएपछि राजनीतिक वृत्तमा नयाँ तरंग उत्पन्न भएको छ। गुरुङ यसअघि पनि गृहमन्त्री भइसकेका व्यक्ति हुन्। उनको नामसँग जोडिएका केही विवाद तथा उनीमाथि गरिएको भनिएको छानविन प्रतिवेदन सार्वजनिक नगरिएको विषयले प्रश्नहरू उठाइरहेका छन्। सरकार पक्षले छानविन प्रक्रियाबाट कुनै गम्भीर तथ्य नदेखिएको दाबी गर्दै आएको भए पनि प्रतिपक्षी दल तथा नागरिक समाजका केही प्रतिनिधिहरूले प्रतिवेदन सार्वजनिक गर्न माग गरिरहेका छन्।

“यदि छानविन भएको हो भने त्यसको निष्कर्ष सार्वजनिक गर्न सरकार किन डराइरहेको छ ? सार्वजनिक पद धारण गर्ने व्यक्तिको विषयमा पारदर्शिता अनिवार्य हुन्छ,” राजनीतिक विश्लेषक मुमाराम खनालले भने। गुरुङ पुनः गृहमन्त्री बनेसँगै उनले विगतका केही चर्चित घटनाका फाइलहरू पुनः अध्ययन गर्ने संकेत दिएका छन्। विशेषगरी २०५८ सालको दरबार हत्याकाण्डसम्बन्धी फाइल पुनः खोल्न सकिने चर्चा राजनीतिक वृत्तमा व्यापक रूपमा भइरहेको छ। यसबारे सरकारले औपचारिक निर्णय सार्वजनिक गरिसकेको छैन। दरबार हत्याकाण्ड नेपालको इतिहासकै सबैभन्दा रहस्यमय र संवेदनशील घटनामध्ये एक भएकाले यस विषयमा हुने कुनै पनि गतिविधिले राष्ट्रिय बहसलाई तीव्र बनाउने निश्चित देखिन्छ।

राजनीतिक विश्लेषकहरूका अनुसार पुराना फाइल खोल्ने विषयले सरकारलाई जनस्तरमा केही समयका लागि चर्चामा ल्याउन सक्छ। ठोस प्रमाण, निष्पक्ष अनुसन्धान र कानूनी प्रक्रियाको सुनिश्चितता बिना यस्ता विषय राजनीतिक नाराबाजीमै सीमित हुने जोखिम पनि उत्तिकै रहेको उनीहरूको भनाइ छ।

यता, प्रधानमन्त्री बालेन्द्र शाह ( बालेन) पनि विवादको केन्द्रमा छन्। संसदमा दिएको एक अभिव्यक्तिमा उनले नेपालले पनि भारतको सीमा केही स्थानमा मिचेको भन्ने कुरा व्यक्त गरेपछि त्यसले व्यापक प्रतिक्रिया उत्पन्न गरेको छ। सत्तापक्षले प्रधानमन्त्रीको भनाइलाई सन्दर्भअनुसार बुझ्न आग्रह गरिरहेको छ भने प्रतिपक्षी दलहरूले राष्ट्रिय हित र बाँकी ७ पृष्ठमा

## ५५ र ३० को उमेरहदले सडक विभाग रित्तिदै

काठमाडौं/ सरकारले ५५ वा ३० वर्ष सेवा गरेका राष्ट्रसेवक कर्मचारीहरुलाई अवकाश दिने तयारी गरेपछि कर्मचारी वृत्तमा तरंगित बन्न पुगेको छ। संघीय निजामती सेवा विधेयकको मस्यौदामा ५५ वर्ष उमेर वा ३० वर्ष सेवा अवधि पूरा गरेका निजामती कर्मचारीलाई अवकाश दिने प्रावधानले १५ हजार कर्मचारीलाई चालू आर्थिक वर्षभित्रै विदा दिने तयारीमा सरकार जुटेको छ।

यो प्रावधानले पूर्वाधार विकास मन्त्रालयअन्तर्गत गर्ने सडक विभागमा आधादर्जन सुपरिटेण्डेन्ट इन्जिनियर (सुइ) र करिव १ दर्जन बढी सिडिई (सिनियर डिभिजनल इन्जिनियर) हरु घर जाने (अवकास) बताइएको छ। जसअनुसार सुईहरुमा ई. उमेशविन्दु श्रेष्ठ, हरिकुमार पोखेल, राजेश पौडेल, विनोद मौवार, रामहरि पोखेल र अर्जुन अर्याल रहेका छन्। श्रेष्ठले २०५३ मा जागीर शुरु गरेकाले ३० वर्षले, हरिकुमार २०५२ मा जागीर शुरु गरेकाले र जन्ममिति २०२५ का कारण दुबैले, पौडेल जागीर २०५५ का कारण अवकासमा पुग्ने बताइएको छ। यसैगरी अर्याल २०२८ जन्ममितिका कारण ५५ ले, रामहरि पोखेल जन्म मिति २०२८ को कारण ५५ वर्ष पुगेकाले र विनोद मौवार जन्म मिति २०२७ तथा जागिर २०५३ मा शुरु गरेकाले अवकाश हुने सडक विभाग श्रोतले जानकारी दिएको छ। यसबाहेक २०४६ मा ओभरसियरबाट जागीर शुरु गरेका सिडिई सुवोध देवकोटा (हाल सडक डिभिजन काठमाडौंमा कार्यरत), गुरुप्रसाद अधिकारी बाँकी ७ पृष्ठमा

## सचिव भुजेललाई सामान्य प्रशासनको पनि जिम्मेवारी



काठमाडौं/ प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले २२ वटा मन्त्रालयको संख्या घटाएर १८ वटामा झारेपछि धेरैजना सचिवहरु जिम्मेवारीविहीन बन्न पुगेका छन्। यसअघि ओली नेतृत्वको सरकारमा एउटै मन्त्रालयमा २ जना सचिव राख्ने प्रावधानलाई पनि प्रधानमन्त्री शाहले हटाएर १ जना मात्र सचिव राख्ने व्यवस्था गरेपछि हाल प्रधानमन्त्री कार्यालयमा सचिवहरुको भीड लागेको छ।

यीमध्ये केही सचिवहरु ५५ वर्षे उमेर हदका कारण घर जाने समाचार श्रोतले बताएको छ। गत जेठ २२ गते मन्त्रिपरिषद्ले गरेको सचिवहरुको सरुवमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव चन्द्रकला पौडेललाई उपराष्ट्रपति कार्यालयमा सरुवा गरेपछि संघीय मामिलाको जिम्मेवारी पनि भूमि व्यवस्था सहकारी मन्त्रालयका सचिव मदन भुजेललाई दिइएको छ। बाँकी ७ पृष्ठमा

## निष्क्रिय खाता हैन, सम्पत्तिको स्रोत खोज !

अनुषा थापा

सर्वसाधारणले आफ्नो सम्पत्ति बेचेर, जागिर खाएर, विदेश गएर कमाएको रकम बैंक, फाइनेन्स, सहकारी, लघुवित्तमा राखेका छन्। बैंकमा सुरक्षित रहन्छ र थोरै भए पनि ब्याज आउँछ भनेर सर्वसाधारणले पैसा बचत गरेका हुन्। बचतकर्ताको बचत बैंक तथा वित्तीय संस्थाका सञ्चालक र कर्मचारीले आफ्नो खल्तीको झैं गरे।

बचतकर्ताले खाई नखाई, जिन्दगीभर दुःख गरेर राखेको पैसा घुस खाएर सञ्चालक र कर्मचारीले जोखिमपूर्ण क्षेत्रमा लगानी गरेका छन्। जसका कारण आज बचतकर्ता डुब्ने अवस्थामा पुगेका छन्। सुरक्षित हुन्छ भनेर बैंक तथा वित्तीय संस्थामा पैसा राखेकोमा त्यहीं चोरी हुन थालेको छ। कर्मचारीहरुले नै खाताबाट पैसा निकालिरहेका छन्।

बैंक तथा वित्तीय संस्थाले नागरिकको विश्वासमाथि घात गरेका छन्। सहकारी र लघुवित्त डुब्दा लाखौं जनताको बिल्लीबाठ भएको छ। अहिले बैंक पनि संकटमा छ। बैंकमा समस्या देखिइसकेको छ। जलविद्युतसहित अन्य कम्पनीले एक सय रुपियाँमा निकासा गरेर शेयरलाई बैंकले ३२ सय रुपियाँसम्म लगानी गरेको छ।

अनि बैंक नडुबेर के डुब्छ ? लगानी गर्नुअघि बैंक तथा वित्तीय संस्थाका कर्मचारीले जनताको पैसा हो भनेर सोच्नुपर्दैनथ्यो ? छिटो नाफा कमाउनका लागि बैंकले प्रतिआना एक लाख रुपियाँमा बिक्री नहुने जग्गामा करोडौं लगानी गरेको छ। घुस खानका लागि गाडीमा आँखा चिम्लेर लगानी गरिएको छ।

यस्ता अनुत्पादक क्षेत्रमा लगानी गर्नुको साटो उद्योग-कारखानामा गरेको भए राज्य र जनतालाई कति फाइदा हुन्थ्यो ? त्यो पैसा डुब्थ्यो ? बैंक तथा वित्तीय संस्था दिनको दुई गुणा र रातको चौ गुणा कमाउनतिर लागे। त्यसको असर आज देखिँदैछ। सहकारी

डुबिहाल्यो। अहिले बैंकमा संकट देखिँदैछ।

पहिले बुढापाकाले भन्थे, ‘मुठ्ठीभित्रको धन।’ मुठ्ठीबाट पैसा उम्केपछि आउँदैन भनेर उनीहरु लुकाएर राख्थें। बुढापाकाले दिएको उपदेश ढिला बुझ्दा जनता डुबेका हुन्। ब्याजको लोभमा जनताले आफ्नो पुर्ख्यौली बाँकी ७ पृष्ठमा

## किन चाहियो उधारो कानून ?



प्रसङ्गवश

कौशल कुमार भट्टराई

नेपालमा दैनिक जीवनदेखि व्यापार-व्यवसायसम्म उधारोको चलन निकै पुरानो र व्यापक छ। गाउँघरको किराना पसलदेखि ठूला निर्माण कम्पनीसम्म यस्तो कारोबार हुने गर्दछ। किसानदेखि उद्योगी-व्यवसायीसम्म, सबैले कुनै न कुनै रूपमा उधारोको कारोबार गरिरहेकाले यसको सञ्जाल व्यापक देखिन्छ। कतिपय अवस्थामा उधारोले आर्थिक गतिविधिलाई सहज बनाएको छ। यसैगरी कतिपय अवस्थामा यही उधारो विवाद, ठगी, ऋण नतिर्ने प्रवृत्ति र आर्थिक अस्थिरताको कारण पनि बनेको छ। यही सन्दर्भमा सरकारले उधारो कारोबारलाई व्यवस्थित गर्न छुट्टै कानून बनाउने तयारी गरिरहेको चर्चा सार्वजनिक भएको छ। यदि यस्तो कानून बन्छ भने यसले नेपाली समाज र अर्थतन्त्रमा दूरगामी प्रभाव पार्न सक्छ।

### उधारो भनेको के हो ?

सामान्य अर्थमा उधारो भनेको अहिले बस्तु, सेवा वा रकम प्राप्त गरेर त्यसको भुक्तानी भविष्यमा गर्ने व्यवस्था हो। उदाहरणका लागि कुनै व्यक्तिले पसलबाट १० हजार रुपियाँ बराबरको सामान लगेपछि एक महिनापछि पैसा तिर्ने सहमति गर्छ भने त्यो उधारो कारोबार हो। त्यसैगरी कुनै निर्माण कम्पनीले सामग्री प्रदायकबाट सामान लिएर काम सम्पन्न भएपछि भुक्तानी गर्ने व्यवस्था पनि उधारोको उदाहरण हो।

उधारो अर्थतन्त्रको एउटा महत्वपूर्ण आधार मानिन्छ। संसारका अधिकांश व्यवसाय पूर्ण नगदमा चल्दैनन्। विश्वास, सम्झौता र भविष्यको भुक्तानीको आधारमा आर्थिक गतिविधि सञ्चालन हुने गर्दछ। जब उधारो लिएर पैसा नतिर्ने, अनावश्यक ढिलाइ गर्ने वा ठगी गर्ने प्रवृत्ति बढ्न थाल्छ, तब त्यसलाई नियमन गर्न कानून आवश्यक पर्न सक्छ।

### विश्वमा व्यवस्था कस्तो छ ?

विश्वका अधिकांश देशहरूमा उधारो वा क्रेडिट कारोबारलाई नियमन गर्ने स्पष्ट कानूनी व्यवस्था छ। विकसित अर्थतन्त्र भएका मुलुकहरूमा त क्रेडिट प्रणाली नै आर्थिक विकासको मेरुदण्ड बनेको छ।

अमेरिकामा व्यक्तिको ऋण तिर्ने बानी, बैंक तथा वित्तीय कारोबार र भुक्तानी इतिहासलाई अभिलेखीकरण गर्ने क्रेडिट स्कोर प्रणाली छ। कसैले ऋण वा उधारो बाँकी ७ पृष्ठमा



लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# नियात्रा के हो र कसरी लेख्ने ?


कौशल कुमार भट्टराई

मानिस स्वभावैले घुमन्ते प्राणी हो । सभ्यताको आरम्भदेखि नै ऊ नयाँ ठाउँ खोज्दै, नयाँ परिवेश बुझ्दै र नयाँ अनुभव बटुल्दै अगाडि बढिरहेको छ। यही यात्राले मानिसलाई ज्ञान दिएको छ, चेतना दिएको छ र जीवनलाई अझ फराकिलो बनाएको छ। यात्रा केवल एक स्थानबाट अर्को स्थानमा पुग्ने प्रक्रिया मात्र होइन, यो त अनुभूति, अवलोकन र आत्मबोधको माध्यम पनि हो । यही अनुभवलाई साहित्यिक रूप दिएर प्रस्तुत गरिने विधा नै नियात्रा हो ।

धेरै मानिस यात्रा गर्छन्, तर सबैले नियात्रा लेख्न सक्दैनन् । नियात्रा केवल यात्राको विवरण होइन । यो त यात्राको क्रममा देखिएका दृश्य, भेटिएका मानिस, सुनेका कथा, अनुभव गरिएका भावनाहरू र मनमा उठेका विचारहरूको कलात्मक अभिव्यक्ति हो । एउटा राम्रो नियात्रा पढ्दा पाठकले आफू पनि लेखकसँगै बाटोमा हिँडिरहेको, उही दृश्य हेरिरहेको र उही अनुभूति गरिरहेको अनुभव गर्नुपर्छ । त्यसैले नियात्रा लेख्नु भनेको यात्रा वर्णन गर्नु मात्र होइन, यात्रालाई साहित्यमा रूपान्तरण गर्नु हो ।

नियात्रा लेख्न चाहने व्यक्तिले सबैभन्दा पहिले यात्रा हेर्ने दृष्टिकोण विकास गर्नुपर्छ। एउटै बाटोबाट सयौं मानिस हिँड्न सक्छन्, तर सबैले एउटै कुरा देख्दैनन् । कसैले केवल गन्तव्य देख्छ, कसैले बाटो देख्छ र कसैले बाटोभित्र लुकेका कथाहरू देख्छ । नियात्राकार भने त्यही व्यक्ति हो, जसले अरूले सामान्य ठानेका कुरामा पनि असाधारण अर्थ खोज्न सक्छ । बाटोछेउको पुरानो चौतारो, वर्षौंदेखि उभिएको बरको रुख, चिया पसलमा बसेका वृद्धहरू, खेतमा काम गरिरहेका किसान वा पहाडको फेदीमा खेलिरहेका बालबालिका, यी सबै नियात्राका सम्भावित पात्र हुन् । नियात्राको सौन्दर्य यिनै स-साना दृश्यहरूबाट निर्माण हुन्छ ।

राम्रो नियात्राका लागि अवलोकन शक्ति अत्यन्त आवश्यक हुन्छ । यात्रामा निस्कँदा केवल आँखाले हेर्नु पर्याप्त हुँदैन, मनले पनि हेर्नुपर्छ । उदाहरणका लागि, कुनै हिमाली गाउँ पुगेपछि त्यहाँ हिउँ परेको छ भन्ने कुरा मात्र लेख्नु नियात्रा होइन । त्यो हिउँले गाउँको जीवनमा कस्तो प्रभाव पारेको छ ? स्थानीय मानिसहरू त्यससँग कसरी अभ्यस्त भएका छन् ? त्यहाँको वातावरणले यात्रुलाई कस्तो अनुभूति गराउँछ ? यस्ता प्रश्नहरूको उत्तर खोज्दा मात्र नियात्रा जीवन्त बन्छ ।

नियात्रामा प्रकृतिको वर्णन महत्त्वपूर्ण पक्ष हो । प्रकृतिको वर्णन भनेको केवल सुन्दर, रमणीय र मनमोहक जस्ता विशेषणहरूको थुप्रो लगाउनु होइन । पाठकको मनमा दृश्यको चित्र बन्ने गरी वर्णन गर्नुपर्छ । उदाहरणका लागि, “पहाड सुन्दर थियो” भन्नुभन्दा “साँझको घामले पहाडको टुप्पोलाई सुनौलो बनाइदिएको थियो, मानौं प्रकृतिले आफैंले सुनको मुकुट पहिऱ्याइदिएकी हो” भन्नु बढी प्रभावकारी हुन्छ । नियात्रामा शब्दहरूले चित्र कोर्न सक्नुपर्छ ।

यात्राको क्रममा भेटिने मानिसहरू नियात्राका सबैभन्दा जीवन्त पक्ष हुन् । कुनै ठाउँलाई बुझ्न त्यहाँको भूगोल मात्र पर्याप्त हुँदैन, त्यहाँका मानिसहरूलाई पनि बुझ्नुपर्छ । कुनै वृद्ध किसानको संघर्षको कथा, कुनै भरियाको जीवन, कुनै होटल सञ्चालकको अनुभव वा कुनै बालकको सपना–यस्ता प्रसङ्गहरूले नियात्रालाई केवल यात्रा विवरणबाट माथि उठाएर मानवीय दस्तावेज बनाइदिन्छन् । कहिलेकाहीँ एउटा छोटो संवादले पनि सम्पूर्ण नियात्रालाई अर्थपूर्ण बनाउन सक्छ ।

नियात्रामा लेखक स्वयं पनि उपस्थित हुनुपर्छ । आखिर यात्रा लेखकले नै गरेको हुन्छ । त्यसैले उसले के देख्यो, के महसुस गऱ्यो र के सोच्यो भन्ने कुरा पनि नियात्रामा आउनुपर्छ । कुनै मठमन्दिर पुग्दा मनमा जागेको श्रद्धा, कुनै ऐतिहासिक स्थल हेर्दा उत्पन्न भएको जिज्ञासा, कुनै गरिब बस्ती देख्दा महसुस भएको पीडा वा कुनै प्राकृतिक दृश्यले दिएको आनन्द जस्ता कुरा सबै लेखकका व्यक्तिगत अनुभूति हुन् । यिनै अनुभूतिले नियात्रालाई आत्मीय बनाउँछन् ।

व्यक्तिगत अनुभूति व्यक्त गर्दा आत्मकेन्द्रित हुनु हुँदैन । नियात्रा लेखकको आत्मकथा होइन । पाठकले पनि आफूलाई त्यस अनुभवसँग जोड्न सक्ने वातावरण सिर्जना गर्नुपर्छ । लेखकले आफूलाई केन्द्रमा राखेर होइन, अनुभवलाई केन्द्रमा राखेर लेख्नुपर्छ । जब लेखकको अनुभूति सार्वभौमिक भावनामा रूपान्तरित हुन्छ, तब पाठकले पनि त्यसलाई आफ्नै अनुभूति ठान्न थाल्छ ।

नियात्राको भाषा सरल, स्वाभाविक र प्रवाहपूर्ण हुनुपर्छ । अत्यधिक क्लिष्ट शब्दहरूको प्रयोगले पाठकलाई थकित बनाउँछ । त्यसैगरी अत्यधिक अलङ्कार र कृत्रिम शैलीले पनि लेखनको स्वाभाविकता हराउन सक्छ । राम्रो नियात्रा नदीको पानीजस्तै बग्नुपर्छ । कहीँ अड्किएजस्तो नलाग्ने, कहीँ बोझिलो नहुने । पाठकले पढ्दै जाँदा अर्को अनुच्छेदमा के छ भन्ने उत्सुकता कायम रहनुपर्छ ।

नियात्रा लेख्दा तथ्यगत सत्यताप्रति पनि सचेत हुनुपर्छ । साहित्यिक शैली अपनाउन सकिन्छ, तर तथ्यलाई तोडमोड गर्नु हुँदैन । कुनै स्थानको इतिहास, संस्कृति वा भूगोलबारे लेख्दा यथासम्भव सही जानकारी प्रस्तुत गर्नुपर्छ । नियात्राको आधार वास्तविक अनुभव हो, कल्पना होइन । कल्पनाले वर्णनलाई सुन्दर बनाउन सक्छ, तर सत्यलाई प्रतिस्थापन गर्न सक्दैन ।

नियात्राको अर्को महत्त्वपूर्ण पक्ष यसको संरचना हो । नियात्रा शुरुदेखि अन्त्यसम्म एकै किसिमले अगाडि बढ्नु हुँदैन । कहिले दृश्य आउनुपर्छ, कहिले संवाद, कहिले जानकारी र कहिले अनुभूति । यी सबैको सन्तुलित संयोजनले नियात्रालाई रोचक बनाउँछ । पाठकले केवल जानकारी मात्र होइन, अनुभव पनि पाउनुपर्छ ।

नियात्रा एउटा यस्तो साहित्यिक विधा हो, जसले लेखकलाई मात्र होइन, पाठकलाई पनि यात्रा गराउँछ । राम्रो नियात्रा पढिसकेपछि पाठकले कुनै नयाँ ठाउँबारे जानकारी मात्र प्राप्त गर्दैन, उसले एउटा अनुभव पनि प्राप्त गर्छ । उसले नयाँ मानिसहरू भेट्छ, नयाँ संस्कृति चिन्छ, नयाँ दृश्य देख्छ र कहिलेकाहीँ आफ्नै जीवनलाई नयाँ ढङ्गले हेर्न थाल्छ ।

त्यसैले नियात्रा लेख्न चाहने व्यक्तिले यात्रालाई केवल दूरी नाप्ने माध्यमका रूपमा होइन, जीवन बुझ्ने अवसरका रूपमा लिनुपर्छ । जब यात्राले मन छुन्छ, जब दृश्यहरू केवल आँखामा सीमित नरही हृदयमा बस्छन्, जब बाटोले केवल गन्तव्य होइन, अनुभूति पनि दिन्छ, तब त्यही यात्राबाट उत्कृष्ट नियात्राको जन्म हुन्छ । नियात्रा अन्ततः यात्रा गरिएको ठाउँको मात्र कथा होइन, त्यो त यात्राका क्रममा बदलिएको मनको कथा पनि हो ।

## – विचार राख्दा ‘धम्की’ –
# सांसद ओलीसँगै डाँगी त्रासमा

काठमाडौं/ विचार राखेकै कारण धम्की आउने क्रम बढ्न थालेको छ। बुधबार संसदको बैठकमा राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुख सचेतक खुस्बु ओलीले संसद्मा विषय उठाएकै कारण ज्यान मार्ने धम्की आएको बताएकी छिन् । ‘नेपाल सनातन राज्य हुनुपर्ने भनेर मैले यस सदनमा उठाउँदाखेरि सुनियोजित रुपमा मलाई अहिलेसम्म ज्यान मार्ने धम्की, बलात्कार गर्ने धम्की, अक्रमण गर्ने धम्की सामाजिक सञ्जालबाट तेर्साइरहेको छ’ उनले बुधबार संसदमा बताइन् ।

यसैगरी दाङ जिल्लाको दंगीशरण गाउँपालिकामा बस्ने डाँगी परिवारमाथि धम्की आएको छ । पत्रिकामा लेख लेखेकै कारण डम्बर बहादुर डाँगी तथा उनको परिवारजनमाथि धम्की आएको पीडित परिवारले जनाएको छ ।

साबिक गोल्टाकुरी गा.वि.स.वडा नं.८ परिवर्तित दंगीशरण गाउँपालिका वडा नं.२ स्थायी ठेगाना भएका डम्बर बहादुर डाँगीको लेख ‘नयाँ विमर्श’ साप्ताहिकमा प्रकाशित भएको थियो । २०८३ साल जेठ २२ गतेको ‘नयाँ विमर्श’ साप्ताहिकमा ‘निराशाको बजेटः जनताको विपक्षमा बालेन सरकार’ शीर्षकमा लेख प्रकाशित भएको थियो ।

हाल बेलायतमा बस्दै आएका डाँगीको नाममा उक्त लेख प्रकाशित भएपछि केही व्यक्तिहरु सोमबार नेपालमा रहेको घरमा पुगी धम्की दिएको जानकारी आएको भनी लेखक डाँगीले जानकारी दिएका छन् । उनले ‘नयाँ विमर्श’ लाई इमेल पठाई आफ्ना परिवारका सदस्यहरुलाई ती व्यक्तिले धम्की दिएको जानकारी दिएका हुन् ।

दाङ स्थित घरमा पुगेका ती व्यक्तिहरुले आफूहरुलाई सरकार पक्षधर भएको बताएको पनि समाचार स्रोतले जनाएको छ । उनीहरुले आफूलाई सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीको कार्यकर्ता बताउँदै ‘हाम्रो पार्टीका अर्थमन्त्रीले ल्याएको बजेटमाथि नकारात्मक टिप्पणी गर्ने ?’ भन्दै धम्कीपूर्ण भाषाको प्रयोग गरेको बताइएको छ । ५ जनाको समूहमा सोमबार साँझपख घरमा पुगेका उनीहरुले घरमा पसी ‘डम्बर कहिले आयो ? कहाँ छ ? बालेन सरकारको विरोध गर्दै लेख लेख्ने ?’ भनी धम्क्याएका पनि दाबी गरिएको छ ।

घरमा रहेका डाँगी परिवारले डम्बर नेपाल नआएको जानकारी गराउँदा पनि उनीहरुले ‘त्यो यहीँ कतै लुकेको हुनुपर्छ’ भन्दै खोजेको तर फेला नपरेपछि त्यसका बारेमा जानकारी लिन्छौं भनी हिंडेको भनी बताइएको छ । ती व्यक्तिहरु आफ्नो ठाउँका नभएकाले उनीहरु नचिनिएको बताउँदै पीडित परिवारका एक सदस्यले आफ्नो नाम उल्लेख गर्न नचाही भने, ‘वरिपरि कतैबाट उनीहरु आएका हुनुपर्छ । हामीलाई त लेख निस्किएको पनि थाहा थिएन । उनीहरुले मोबाइल फोनमा देखाए । डम्बरकै फोटो देखेपछि पत्यार पनि लाग्यो । उनीहरुले डम्बरले लेखको खण्डन नगरे वा सरकारको विरोध गरिरहे आफूहरुले नछोड्ने भनी हिँडेका छन् ।’

यसैबीच केही वर्षअघि डम्बर बहादुर डाँगी बेलायतमा रोजगारीका लागि गएका बताइएको छ । उनी बेलायतमै बस्दै आएको अवस्थामा अज्ञात समूहले दिएको धम्कीका कारण डाँगी परिवार नै त्रसित अवस्थामा रहेको छ । लेखको विषयमा लेखक डाँगीलाई सोध्दा आफू आफ्नो विचारप्रति अडिग रहेको बताए । उनले आफूले सरकारको विरोध गरेको भन्दा पनि नयाँ सरकारको बजेटलाई हेर्दा जनहीतमा नदेख्दा त्यसको विरोध गरेको हो भन्ने स्पष्ट पारे । वर्तमान सरकारसँग जनता तथा आफूहरु जस्ता विदेशमा बसेकाहरुले धेरै नै अपेक्षा गरेको अवस्था बताउँदै उनले यस्तो गतिविधि कायम रहे आफू नेपाल फर्कदा उनीहरुले समस्या पार्ने खतरा बढेको भनी आफ्नो घरपरिवारका मानिसहरु त्रासमा रहेको बताए ।

सांसद ओलीमाथि समेत विचार राखेकै आधारमा धम्की आएको अवस्थामा डाँगी परिवार झनै त्रासमा रहेको बताइएको छ ।

# साहित्यकार चन्द काठमाडौंमा सम्मानित




काठमाडौं । भीमदत्त नगरपालिका-६, मधुवन, महेन्द्रनगर, कञ्चनपुर निवासी आगो लघुकविता विधाका परिकल्पनाकार तथा साहित्यकार दीर्घबहादुर चन्द ‘सुमन’ काठमाडौंमा सम्मानित भएका छन् । राष्ट्रिय सुसेली फाउन्डेसनको आठौं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा उनलाई ‘विराम-सरिता सुसेली सम्मान’ प्रदान गरिएको हो। उक्त सम्मान संस्थापक विराम ओझा र सरिता ओझा ‘सिर्जना’को नाममा स्थापना गरिएको हो ।

सम्मानपत्रमा साहित्यकार सुमनले आफ्नो कृति ‘सप्तरंगी सुमन’ मा सुसेली विधालाई प्राथमिकताका साथ स्थान दिँदै त्यसको चर्चा-परिचर्चा, व्याख्या तथा ऐतिहासिक पक्षको खोज अनुसन्धान गरी सुसेली विधाको लोकप्रियता र श्रीवृद्धिमा उल्लेखनीय योगदान पुऱ्याएको उल्लेख गरिएको छ । फाउन्डेसनका अध्यक्ष सुसेली विधाका प्रवर्तक तथा साहित्यकार दुर्गाप्रसाद अधिकारी ‘भमरकोटे’ रहेका छन् ।

साहित्यकार सुमनले नेपाली साहित्यमा पाँच-पाँच अक्षरका दुई पाउमा जम्मा १० अक्षरभित्र रचना गर्न सकिने ‘आगो’ लघुकविता विधाको परिकल्पना २०७८ साल भदौ २४ गते गरेका थिए। उनले ‘आगो (सिद्धान्त र प्रयोग)’ तथा ‘सप्तरंगी सुमन’ नामक कृतिहरू प्रकाशित गरिसकेका छन् । हाल उनी ‘आगो लघुकविता सदन (आलस)’ मार्फत दैनिक रूपमा आगो, मुक्तागो तथा गजलागो विधाका रचनाहरू सिर्जना र प्रकाशन गर्दै आएका छन्। साथै विभिन्न पत्रपत्रिकामा वैचारिक लेखहरू प्रकाशन गर्दै साहित्यिक क्षेत्रमा सक्रिय भूमिका निर्वाह गरिरहेका छन् । यसअघि पनि उनले शिक्षा, स्वास्थ्य तथा साहित्य प्रतिष्ठान नेपालबाट नगदसहितको ‘कुलमणि देवकोटा स्मृति प्रतिभा पुरस्कार’ प्राप्त गरेका छन्। साथै गुगुल्डी वाङ्मय प्रतिष्ठान, मानसखण्ड फाउन्डेसन तथा अर्घाखाँची साहित्य समाज लगायत विभिन्न संस्थाबाट सम्मानित भइसकेका छन् ।

# हाम्रा परम्परागत खानाको महत्व


रोशन ज्ञवाली

मानिसको स्वास्थ्य, जीवनशैली र आयुमा सबैभन्दा ठूलो प्रभाव पार्ने तत्वमध्ये खानपान पनि एक हो । स्वस्थ शरीर, सन्तुलित मानसिक अवस्था र सक्रिय जीवनका लागि पोषणयुक्त भोजन अपरिहार्य मानिन्छ । नेपाली समाजमा परम्परादेखि प्रयोग हुँदै आएका विभिन्न प्रकारका खाद्य पदार्थ केवल पेट भर्ने साधन मात्र होइनन्, ती स्वास्थ्य संरक्षणका महत्वपूर्ण आधार पनि हुन् । पछिल्ला वर्षहरूमा फास्ट फुड, जंक फुड तथा प्रशोधित खाद्य पदार्थहरूको प्रयोग बढ्दै गए पनि नेपाली भान्सामा पाइने परम्परागत खानाको महत्व भने अझै कम भएको छैन । बरु आधुनिक स्वास्थ्य विज्ञानले पनि हाम्रा धेरै परम्परागत खानाहरू पोषणका दृष्टिले अत्यन्त उपयोगी रहेको पुष्टि गरिरहेको छ ।

नेपाली भान्साको सबैभन्दा सामान्य र लोकप्रिय भोजन दाल, भात र तरकारी हो। धेरै नेपालीको दिन यही भोजनबाट शुरु वा समाप्त हुन्छ । चामलबाट प्राप्त हुने कार्बोहाइड्रेटले शरीरलाई आवश्यक ऊर्जा प्रदान गर्छ भने दालमा पाइने प्रोटिनले शरीरको वृद्धि, मांसपेशीको विकास तथा कोषहरूको पुनर्निर्माणमा सहयोग पुऱ्याउँछ । तरकारीले शरीरलाई आवश्यक भिटामिन, खनिज तथा रेसा उपलब्ध गराउँछ । त्यसैले दाल, भात र तरकारीलाई सन्तुलित भोजनको उत्कृष्ट उदाहरण मानिन्छ। यदि यसमा सलाद, दही वा फलफूलसमेत समावेश गरियो भने शरीरलाई आवश्यक अधिकांश पोषक तत्व प्राप्त हुन सक्छन् ।

दाल नेपाली भान्साको अभिन्न हिस्सा हो । मुसुरो, मास, रहर, मुगी, चना तथा केराउका दालहरू विभिन्न क्षेत्रमा प्रयोग गरिन्छन् । दालमा प्रशस्त मात्रामा प्रोटिन, फलाम, फोलिक एसिड तथा विभिन्न खनिज पदार्थ पाइन्छन् । विशेष गरी शाकाहारीहरूका लागि दाल प्रोटिनको प्रमुख स्रोत हो । नियमित रूपमा दाल सेवन गर्दा शरीरमा ऊर्जा बढ्नुका साथै रोग प्रतिरोधात्मक क्षमता पनि मजबुत हुन्छ । मुटुको स्वास्थ्यका लागि समेत दाल लाभदायक मानिन्छ ।

भातसँगै नेपाली घरहरूमा ढिँडोको प्रयोग पनि व्यापक छ । विशेष गरी कोदो, फापर, मकै वा अन्य स्थानीय अन्नबाट बनाइने ढिँडो पोषणका दृष्टिले निकै महत्वपूर्ण मानिन्छ । कोदोमा क्याल्सियमको मात्रा उच्च हुने भएकाले हड्डी मजबुत बनाउन सहयोग पुग्छ । फापरमा पाइने विभिन्न पोषक तत्वले रक्तचाप नियन्त्रण गर्न मद्दत पुऱ्याउँछन् । मकैमा पर्याप्त रेसा हुने भएकाले पाचन प्रणालीलाई स्वस्थ राख्न सहयोग मिल्छ । आजकल मधुमेह र मोटोपनको समस्या बढ्दै गइरहेका बेला ढिँडो जस्ता परम्परागत खानाको महत्व झन् बढेको छ ।

नेपाली भान्साको अर्को महत्वपूर्ण पक्ष सागसब्जी हो । पालुङ्गो, रायो, तोरी, मेथी, बोडी, करेला, फर्सी, लौका, भिण्डी, काउली, बन्दाकोपीदेखि स्थानीय जंगलमा पाइने विभिन्न सागहरू स्वास्थ्यका लागि लाभदायक मानिन्छन् । सागसब्जीमा भिटामिन ए, सी, के, फलाम, क्याल्सियम तथा विभिन्न एन्टिअक्सिडेन्ट पाइन्छन् । यी तत्वहरूले आँखाको स्वास्थ्य सुधार्ने, रगतको गुणस्तर बढाउने तथा शरीरलाई विभिन्न रोगबाट जोगाउने काम गर्छन् । नियमित रूपमा हरियो सागसब्जी सेवन गर्ने मानिसमा मुटुरोग, मधुमेह तथा केही प्रकारका क्यान्सरको जोखिम कम हुने विभिन्न अध्ययनहरूले देखाएका छन् ।

दही पनि नेपाली भोजन संस्कृतिको महत्वपूर्ण हिस्सा हो । दहीमा पाइने लाभदायक जीवाणुले पाचन प्रणालीलाई स्वस्थ राख्न सहयोग पुऱ्याउँछन् । यसमा क्याल्सियम, प्रोटिन र भिटामिन बी समूहका तत्व प्रशस्त मात्रामा पाइन्छन् । गर्मी मौसममा दही सेवन गर्दा शरीरलाई शीतलता प्राप्त हुन्छ भने पाचन प्रक्रियामा समेत सुधार आउँछ । विशेष गरी घरमै बनाइएको दही स्वास्थ्यका लागि अझ लाभदायक मानिन्छ ।

दूध र दूधजन्य पदार्थहरू पनि हाम्रो खानपानको अभिन्न भाग हुन् । दूधमा क्याल्सियम, प्रोटिन, भिटामिन डी तथा अन्य पोषक तत्व पाइन्छन् । बालबालिकाको वृद्धि विकासदेखि वृद्धावस्थासम्म दूध उपयोगी मानिन्छ । घ्यू, मोही, छुर्पी तथा पनिर जस्ता परिकारहरू पनि नेपाली समाजमा लोकप्रिय छन् । यद्यपि घ्यूको अत्यधिक प्रयोग स्वास्थ्यका लागि उपयुक्त नहुन सक्छ, तर सन्तुलित मात्रामा सेवन गर्दा यसले शरीरलाई आवश्यक ऊर्जा प्रदान गर्छ ।

गुन्द्रुक नेपाली मौलिक खानाको प्रतीक जस्तै बनेको छ । सागलाई सुकाएर तयार गरिने गुन्द्रुकमा विभिन्न खनिज तथा पोषक तत्व पाइन्छन् । यसको झोल वा अचारले भोजनको स्वाद बढाउनुका साथै पाचन प्रक्रियामा पनि सहयोग पुऱ्याउँछ । त्यसैगरी सिन्की, मासको गेडागुडी, भटमास, तामा लगायतका परम्परागत परिकारहरू पोषणका दृष्टिले उपयोगी मानिन्छन् । भटमासमा उच्च मात्रामा प्रोटिन पाइने भएकाले यो शरीरका लागि निकै लाभदायक खाद्य पदार्थ मानिन्छ ।

फलफूलको महत्व पनि उत्तिकै छ । नेपालमा केरा, सुन्तला, कागती, स्याउ, आँप, अम्बा, मेवा, अनार, लिची लगायतका विभिन्न फलफूल पाइन्छन् । फलफूलमा पाइने भिटामिन, खनिज र प्राकृतिक चिनीले शरीरलाई आवश्यक पोषण प्रदान गर्छ । विशेष गरी भिटामिन सीयुक्त फलफूलले रोग प्रतिरोधात्मक क्षमता बढाउन मद्दत गर्छन् । चिकित्सकहरूले दैनिक भोजनमा कम्तीमा एक वा दुई प्रकारका फलफूल समावेश गर्न सुझाव दिने गरेका छन् ।

मसला पनि नेपाली भान्साको विशेषता हो । बेसार, जिरा, धनियाँ, अदुवा, लसुन, मेथी तथा टिमुर जस्ता मसला स्वादका लागि मात्र होइन, स्वास्थ्यका लागि पनि उपयोगी मानिन्छन् । बेसारमा पाइने करक्युमिन तत्वले शरीरमा हुने सूजन कम गर्न मद्दत गर्छ । अदुवा र लसुनले पाचन प्रणालीलाई सुधार गर्नुका साथै रोग प्रतिरोधात्मक क्षमता बढाउन सहयोग पुऱ्याउँछन् । लसुनलाई मुटुको स्वास्थ्यका लागि समेत लाभदायक मानिन्छ ।

परम्परागत नेपाली खानाहरूको सबैभन्दा ठूलो विशेषता तिनको प्राकृतिक स्वरूप हो । अधिकांश परिकार स्थानीय स्तरमा उत्पादन भएका अन्न, तरकारी तथा फलफूलबाट तयार गरिन्छन् । यसमा रासायनिक पदार्थ, कृत्रिम रंग वा अत्यधिक प्रशोधनको प्रयोग कम हुने भएकाले स्वास्थ्यका लागि अपेक्षाकृत सुरक्षित मानिन्छन् । यसको विपरीत आजकल लोकप्रिय बन्दै गएका जंक फुड, चाउचाउ, अत्यधिक चिल्लो तथा चिनी भएका पेय पदार्थहरूले विभिन्न स्वास्थ्य समस्या निम्त्याउने जोखिम बढाइरहेका छन् । मोटोपन, मधुमेह, उच्च रक्तचाप तथा मुटुसम्बन्धी रोगहरू बढ्नुमा असन्तुलित खानपान पनि एउटा प्रमुख कारण मानिन्छ ।

स्वस्थ भोजनका लागि केवल राम्रो खाना खानु मात्र पर्याप्त हुँदैन । सन्तुलित मात्रा, नियमित समय र विविधतायुक्त भोजन पनि उत्तिकै आवश्यक हुन्छ । कुनै एउटा खाद्य पदार्थले मात्र शरीरलाई आवश्यक सबै पोषक तत्व उपलब्ध गराउन सक्दैन । त्यसैले अन्न, दाल, तरकारी, फलफूल, दूधजन्य पदार्थ तथा पर्याप्त पानीको सन्तुलित प्रयोग गर्नुपर्छ । अत्यधिक नून, चिनी तथा तेलको प्रयोग कम गर्नु पनि स्वास्थ्यका लागि लाभदायक हुन्छ ।

वास्तवमा भन्ने हो भने हाम्रा परम्परागत खानाहरू केवल संस्कृतिको हिस्सा मात्र होइनन्, स्वस्थ जीवनका बलिया आधार पनि हुन् । दाल, भात, तरकारी, ढिँडो, गुन्द्रुक, दही, दूध, फलफूल तथा विभिन्न स्थानीय परिकारहरूले शरीरलाई आवश्यक पोषण प्रदान गर्नुका साथै रोगबाट जोगाउन महत्वपूर्ण भूमिका खेल्छन् । आधुनिक जीवनशैलीको प्रभावसँगै विदेशी खानाप्रति आकर्षण बढ्दै गए पनि आफ्नै भान्सामा रहेका पौष्टिक र स्वास्थ्यवर्धक खानाको महत्व बिर्सनु हुँदैन । स्वस्थ शरीर, सक्रिय जीवन र दीर्घायुका लागि हाम्रा परम्परागत खानाहरू आज पनि उत्तिकै उपयोगी र आवश्यक छन् । नेपाली भान्साको यही समृद्ध परम्परालाई जोगाउँदै सन्तुलित र पोषणयुक्त भोजनको अभ्यास गर्न सके स्वस्थ समाज निर्माणतर्फ महत्वपूर्ण कदम चाल्न सकिनेछ ।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly



कौशल कुमार भट्टराई | कृष्ण लम्साल | पिएमणि भट्टराई | हरि शरण जमकटेल | गम्भीर ब. हाडा

प्रधान-सम्पादक/प्रकाशक : कौशल कुमार भट्टराई (९८५११३८२३७)
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
वरिष्ठ संवाददाता: आर. अर्याल
अन्तर्राष्ट्रिय समाचार संयोजक: एस. भट्टराई
सल्लाहकार: सह-प्राध्यापक गम्भीर बहादुर हाडा
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
आई.टी.प्रमुख: स्पन्दन भट्टराई
प्रधान कार्यालय : मध्यपुर थिमी-३, भक्तपुर
काठमाडौं-कार्यालय : बबरमहल, काठमाडौं, फोन: ०१-४२६७०६४
इमेल : nayabimarsha@gmail.com
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं

## मननीय कुरा

**"आत्मज्ञान नै सबै समस्याको सुरुवात र अन्त्य हो।"**

– जिद्दु कृष्णमूर्ति

**"जो आफ्नो भाग्यमा सन्तुष्ट छ उ नै धनी मान्छे हो।"**

- दार्शनिक लाओ त्सु

**"जसले आफैमाथी विश्वास गर्छ उसले अरुलाइ मनाइ रहनु पर्दैन। जो स्वयंप्रति संतुष्ट छ उसलाई कसैको अनुमोदन (स्वीकृति ) चाहिँदैन। जसले आफूले आफैंलाई स्विकार्दछ उसलाई सारा संसारले स्विकार्दछ।"**

- दार्शनिक लाओ त्सु

**"तिमीले कहिल्यै हार नमान्दा मात्र सफलता पाउनेछौ।"**

- माइकल जोर्डन

**"ठूला कामहरू गर्नको लागि आफूले गर्ने कामलाई माया गर्नुपर्छ।"**

- स्टिभ जब्स

## सम्पादकीय................

# संसदको गरिमा जोगाऔँ

लोकतान्त्रिक शासन व्यवस्थाको आत्मा संसद हो। जनताले निर्वाचित गरेर पठाएका प्रतिनिधिहरूले राष्ट्रका महत्वपूर्ण विषयमा बहस गर्ने, कानून बनाउने, सरकारलाई जवाफदेही बनाउने र जनताका आवाजलाई राज्यको नीतिमा रूपान्तरण गर्ने सर्वोच्च थलो संसद नै हो। त्यसैले संसद केवल एउटा भवन वा औपचारिक संस्था मात्र होइन, लोकतन्त्रको धड्कन हो। पछिल्ला वर्षहरूमा नेपालको संसदमा देखिएका गतिविधिहरूले भने यसको गरिमा र प्रभावकारितामाथि गम्भीर प्रश्न उठाएका छन्। संसद अवरुद्ध गर्ने, रोष्ट्रम घेराउ गर्ने, नाराबाजी गर्ने, हुलहुज्जत गर्ने, अमर्यादित शब्द प्रयोग गर्ने तथा एकअर्काप्रति असंसदीय व्यवहार प्रदर्शन गर्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ। जनताले आफ्ना समस्या समाधानका लागि पठाएका प्रतिनिधिहरूबाट यस्तो दृश्य देखिनु लोकतान्त्रिक संस्कृतिका लागि सुखद संकेत होइन। संसदको समय, स्रोत र महत्वलाई हेर्दा यस्ता गतिविधिहरूले अन्ततः जनताकै हितमा आघात पुऱ्याइरहेका छन्।

संसदको मूल उद्देश्य नीति निर्माण, कानून निर्माण, राष्ट्रिय मुद्दामाथि गम्भीर छलफल तथा सरकारमाथि निगरानी गर्नु हो। सांसदहरू जनताका प्रतिनिधि मात्र होइनन्, उनीहरू राष्ट्रप्रति उत्तरदायी व्यक्तित्व पनि हुन्। संसदमा उठ्ने प्रत्येक विषयले जनजीवन, अर्थतन्त्र, शिक्षा, स्वास्थ्य, पूर्वाधार, सुरक्षा तथा राष्ट्रिय हितसँग सम्बन्ध राख्नुपर्छ। त्यहाँ प्रस्तुत हुने विचारहरू तथ्यमा आधारित, मर्यादित र रचनात्मक हुनुपर्छन्। त्यस्तै सभामुख संसदको निष्पक्ष अभिभावक हुन्। सभामुखको पद कुनै दल, गुट वा स्वार्थभन्दा माथि रहेको संवैधानिक संस्था हो, जसले संसदको मर्यादा, नियम र कार्यसूचीलाई सन्तुलित ढंगले सञ्चालन गर्नुपर्ने जिम्मेवारी वहन गर्दछ। व्यवहारमा भने संसद कहिलेकाहीँ राजनीतिक प्रतिस्पर्धाको अखडा जस्तो बन्न पुगेको देखिन्छ। विरोधका नाममा निरन्तर अवरोध, व्यक्तिगत आरोप-प्रत्यारोप, असंसदीय भाषा, बैठक चल्न नदिने प्रवृत्ति तथा महत्वपूर्ण विधेयकहरूलाई समेत छायामा पार्ने अभ्यासले संसदको प्रभावकारिता कमजोर बनाएको छ। विरोध लोकतन्त्रको अभिन्न अंग हो, तर विरोधको पनि मर्यादा, विधि र सीमा हुन्छ। संसद अवरुद्ध गरेर जनताका मुद्दा नै ओझेलमा पार्ने कार्यलाई लोकतान्त्रिक अधिकारको प्रयोगभन्दा पनि जिम्मेवारीबाट पन्छिने प्रवृत्तिका रूपमा बुझ्न सकिन्छ। जनताले सांसदहरूलाई कर तिरेर सुविधा उपलब्ध गराएका छन्, उनीहरूबाट अपेक्षा पनि समाधान, बहस र नीतिगत योगदानकै हुन्छ; अवरोध र अराजकताको होइन।

त्यसैले अब संसदलाई सही मार्गमा सञ्चालन गर्न सबै राजनीतिक दल, सांसद तथा सभामुख गम्भीर बन्न आवश्यक छ। संसदमा असहमति र विरोधका श्वर उठ्नुपर्छन्, तर ती बहस, तर्क, तथ्य र संसदीय प्रक्रियामार्फत व्यक्त हुनुपर्छन्। संसद अवरुद्ध गर्नु अन्तिम विकल्प हुनुपर्छ, नियमित राजनीतिक अभ्यास होइन। सांसदहरूले आफ्नो समय जनताका समस्या, विकास निर्माण, सुशासन, आर्थिक सुधार तथा राष्ट्रिय हितका विषयमा केन्द्रित गर्नुपर्छ। असंसदीय भाषा र व्यवहारप्रति कडा अनुशासनात्मक व्यवस्था लागू गरिनुपर्छ। सभामुखले निष्पक्षता, दृढता र नियमको प्रभावकारी कार्यान्वयनमार्फत संसदको मर्यादा कायम राख्नुपर्छ। संसदीय अभ्यास, संसदीय संस्कृति र लोकतान्त्रिक आचरणबारे सांसदहरूलाई निरन्तर अभिमुखीकरण पनि आवश्यक छ। संसदमा जनताको आवाज गुञ्जिनुपर्छ, व्यक्तिगत आक्रोश होइन; समाधान खोजिनुपर्छ, समस्या थपिने होइन। लोकतन्त्रको शक्ति संसदको प्रभावकारितामा निहित हुन्छ। त्यसैले संसदलाई विवाद, अवरोध र अमर्यादित व्यवहारको केन्द्र होइन, विचार, नीति र राष्ट्रनिर्माणको सर्वोच्च थलोका रूपमा स्थापित गर्नु आजको आवश्यकता हो। जनताले देख्न चाहेको संसद पनि यही हो र लोकतन्त्रलाई बलियो बनाउने बाटो पनि यही हो।

# खानेपानी र वातावरणीय सरसफाइको आवश्यकता तथा महत्व



**-गम्भीर बहादुर हाडा**
**अधिवक्ता तथा सह-प्राध्यापक, अर्थशास्त्र**
**भक्तपुर बहुमुखी क्याम्पस (अवकाशप्राप्त)**

पानी मानव जीवनको आधार हो। यतिबेला मधेशबासीलाई स्वच्छ पिउने पानीको अभावसँगै सिँचाइ र सरसफाइको लागि आवश्यक पानीको हाहाकार झेल्नुपरेको छ। यस संकटको जरा केवल प्राकृतिक स्रोतको सीमिततामा छैन, यो राजनीतिक इच्छाशक्ति, नीति निर्माणमा स्पष्टताको अभाव, प्रविधिको दुरुपयोग, सामाजिक-आर्थिक असमानता र जलवायु परिवर्तनसँग पनि गहिरो रूपमा गाँसिएको छ। डिप बोरिङ्ग र हैण्डपाइपको विस्फोट हालैका वर्षहरूमा डिप बोरिङ्ग र हैण्डपाइपहरू पानीको प्रमुख स्रोत बनेका छन्। यी अस्थायी समाधानहरूले तत्काल राहत त दिन सक्छन्, तर दीर्घकालमा पानीको स्तर घटाउने, भूमिगत स्रोत सुकाउने र स्वास्थ्य जोखिम बढाउने काम गर्छन्। विशेषगरी हैण्डपाइपहरू सतही तहका हुन्, जसले जमिनको माथिल्लो प्रदूषित तहबाट पानी तान्छ।

अझ गम्भीर कुरा के छ भने अधिकांश पानी स्रोतहरू कुनै परीक्षणबिना नै प्रयोगमा ल्याइएका छन्। अत्यधिक वर्षा र त्यसपछि लामो खडेरीको चक्रले जमिनको पानी सुकाएको छ, जसको असर खेती, वनस्पति र भूजल पुनः भरिने दरमा प्रत्यक्ष परेको छ। वर्षामा आएको बाढीले जलस्रोत व्यवस्थापन गर्ने कुनै पूर्वतयारी नहुँदा पानी बगेर जान्छ, तर खडेरी बेलामा तान्न पानी हुँदैन। यस्तो असन्तुलन समाधान गर्न जल संरक्षणका पूर्वाधार-जस्तै वर्षा जल संकलन प्रणाली, सानो जलाशय, तालतलैया-निर्माणमा लगानी हुनु अत्यावश्यक छ। वन विनास र भू-प्रकृति परिवर्तन मधेशका धेरै भूभागमा विगत दुई दशकमा सघन वन विनास भएको छ। नदी किनारका वन क्षेत्र, सार्वजनिक जग्गा र अवरुद्ध गर्ने संरचनाहरू, जस्तै बाँध, अवैध उठान, अनियन्त्रित बालुवा/गिटी उत्खनन् आदिले भूजल स्तरमा गम्भीर गिरावट ल्याएको छ। यसले पानी पुनःभरणको प्राकृतिक चक्र नै भङ्ग गरिदिएको छ।

मधेशको जल संकट प्रविधिको अभावले मात्र होइन, उपयुक्त प्रविधि छनोट गर्न नजान्ने, त्यसको सही प्रयोग नगर्ने प्रवृत्तिले पनि जटिल बनाएको छ। सरकारी संयन्त्रमा तालिम प्राप्त जनशक्ति नहुँदा योजना बनाउने र कार्यान्वयन गर्ने क्षमतामा गम्भीर कमजोरी देखिन्छ। अन्तरप्रदेशीय र अन्तर्राष्ट्रिय सन्दर्भ मधेशका प्रमुख नदीहरू भारतबाट नेपालमा प्रवेश गर्छन्। कमला, बागमती, झाँझ, नारायणी, गण्डक जस्ता नदीहरू भारतसँग जोडिएका छन्। भारतले गरिरहेको बाँध निर्माण, जलाधार नियन्त्रण र नदी मोडाइका कारण पनि मधेशमा कहिले बाढी, कहिले सुख्खा भइरहेको छ। नेपाल-भारत जलसम्झौताहरू लामो समयदेखि विवादास्पद छन्। मधेशको जल संकटको समाधान संघीय सरकारले नीतिगत तहमा भारतसँग सहकार्य गरेर मात्र सम्भव हुनेछ। जल-कूटनीति मजबुत बनाउन सरकार गम्भीर हुनु आवश्यक छ। मधेश प्रदेशको खानेपानी तथा सिँचाइसम्बन्धी नीतिहरू अद्यावधिक छैनन्। भूगर्भ जल व्यवस्थापन ऐन, प्रदूषित पानीको परीक्षण अनिवार्यता वा अनुगमन संयन्त्र प्रभावकारी रूपमा लागू भएका छैनन्। पानी योजनाका लागि पारदर्शी डेटा बैंक निर्माण, भूगर्भीय नक्साङ्कन, समुदाय आधारित जल समिति गठन, दिगो जल उपभोगका मापदण्डहरू अपनाउनु समयको माग हो।

जनताको स्वास्थ्य सुरक्षाको लागि सफा र स्वच्छ पिउने पानीको आवश्यकता पर्दछ। नेपाल अधिराज्य जल साधनमा धनी भएता पनि देशका अधिकांश जनता स्थानीय नदी, खोला, इनार र कुवाको पानी पिएर निर्वाह गर्दछन्। खास गरेर पहाडी क्षेत्रका वासिन्दाहरू नदी, खोलाका पानीमा भर पर्दछन्। नेपालका विभिन्न शहरहरू प्रदुषित हुँदै गएको अवस्थामा समानुपातिक ढंगले खानेपानीको समस्या पनि बढ्दै गएको छ। सबैभन्दा बढी खानेपानीको समस्या काठमाडौंमा छ। बाक्लो आवादी, व्यवस्थित शहरीकरणको अभाव तथा उद्योगधन्दाको जथाभावी विस्तार तथा फोहर मैलाहरूलाई नदीको किनारमा फ्याँक्ने जस्ता कुराहरूले गर्दा काठमाडौको पानी अत्यन्तै प्रदुषित भएको छ। विश्व स्वास्थ्य संगठन (WHO) ले निर्धारण गरेको स्तरभन्दा पनि बढी जीवाणु काठमाडौंको पानीमा पाइएको छ।

मानिसको स्वास्थ्य र दैनिक जीवनयापन प्रक्रियासँग खानेपानी तथा सरसफाइ सुविधाको प्रत्यक्ष सम्बन्ध रहीआएको छ। खानेपानी तथा सरसफाइ सुविधाको समुचित विकास तथा विस्तारबाट आम जनताको स्वास्थ्यमा सुधार हुने र स्वस्थ जनशक्तिको विकासबाट उत्पादकत्वमा बृद्धि भई राष्ट्रको समग्र विकास र उन्ततिमा महत्वपूर्ण योगदान पुग्छ। आधारभूत रुपमा खानेपानी सेवाको विस्तारमा उल्लेख्य वृद्धि भएता पनि स्वास्थ्यको लागि हानिरहित पर्याप्त खानेपानी र उचित सरसफाई सुविधा उपलब्ध हुन नसक्दा पानीजन्य रोगहरुबाट जनतालाई अझै अपेक्षित तवरले मुक्त गराउनसकेको छैन। खानेपानी तथा सरसफाई क्षेत्रको समग्र विकासका लागि नयाँ आयोजनाहरुको निर्माण, सम्पन्न आयोजनाहरुको मर्मत सुधार विस्तार तथा गुणस्तर सुधार र सेवास्तरमा वृद्धि, शहरी, अर्धशहरी तथा नगरोन्मुख बस्तीहरुमा प्रशोधन प्रणालीसहितको ढल निकासको व्यवस्थाद्वारा खानेपानी तथा सरसफाईमा पहुँच वृद्धि गर्नुका साथै खानेपानीको गुणस्तर सुधार गर्दै लैजाने उद्देश्य राखिनु अति आवश्यक भएको छ। हालसम्म ७१.६ प्रतिशत नेपालीले मात्र खानेपानीको सुविधा पाएका छन्। २८.४ प्रतिशत नेपाली कुवा, पोखरी, नदी र खोला जस्ता पानीका स्रोतमा निर्भर रहेका छन्। ८० प्रतिशत मानिस पिउने पानीको स्रोतमै नुहाउने, भाँडा तथा लुगाफाटो सफा गर्ने, गाईबस्तुलाई खुवाउने र दिशापिसाब गर्ने गर्दछन्। फोहोर पानीको प्रयोगबाट नेपालमा वर्षेनी पाँच वर्षमुनिका २८ हजार बालबालिकाको मृत्यु हुने गर्दछ। ग्रामीण क्षेत्रका महिलाले दिनहुँ पानीका लागि सरदर ४ देखि ६ घण्टासम्म खर्चिनुपर्दछ।

सुरक्षित खानेपानी तथा सरसफाइ मानव विकासको प्रमुख आधार हो। मानिसको दैनिक जीवनयापन प्रक्रिया र स्वास्थ्यसँग खानेपानी र सरसफाइको प्रत्यक्ष सम्बन्ध हुने भएकोले यसमा सबैको पहुँच हुनु आवश्यक छ। सहस्राब्दी विकास लक्ष्य अनुसार सन् २०१५ सम्म ७३ प्रतिशत जनसंख्यालाई खानेपानी सेवा र ५३ प्रतिशत जनसंख्यालाई सरसफाइ सेवा उपलब्ध गराउने लक्ष्य रहेको छ भने राष्ट्रिय जल योजना अनुसार सन् २०१७ सम्म सतप्रतिशत जनसंख्यालाई आधारभूत स्तरको खानेपानी सेवा र सरसफाइ सेवा उपलब्ध गराउने लक्ष्य लिइएको छ। सरकारी क्षेत्रको प्रयासबाट मात्र उक्त लक्ष्य हासिल गर्न नसकिने भएकोले सरकार, स्थानीय निकाय, समुदाय, उपभोक्ता तथा गैरसरकारी संघसंस्थाहरुले एकीकृत तथा समन्वयात्मक रुपमा कार्य गर्नु आवश्यक रहेको छ। कार्यक्रम सञ्चालन गर्दा खानेपानी र सरसफाइ कार्यक्रमलाई एकआपसमा आवद्ध गरी कार्यान्वयनमा लैजानु पर्ने देखिन्छ।

नेपालमा ९० प्रतिशतभन्दा बढी जनसंख्यामा आधारभूत खानेपानीमा पहुँच भए पनि करिब १९ प्रतिशत मानिसले मात्र प्रदूषणमुक्त र सुरक्षित रूपमा व्यवस्थित खानेपानी प्रयोग गरिरहेका छन्। उच्च ई-कोलाई प्रदूषणले पानीका स्रोतहरू प्रभावित भएका छन्, विशेषगरी गरिब समुदायमा, जहाँका प्रायः घरधुरीको पानी असुरक्षित हुनसक्छ। नेपालमा करिब १० प्रतिशत जनसंख्या खानेपानीबाट वञ्चित छन् भने करिब २० प्रतिशत जनसंख्याको मात्र सुरक्षित खानेपानीमा पहुँच छ। विश्वभर महिला र बालिकाहरूले दैनिक करिब २० करोड घण्टा पानी संकलनमा खर्च गर्छन्। घरमै पानीको सुविधा नभएका १० मध्ये आठ घरधुरीमा पानी ल्याउने मुख्य जिम्मेवारी महिला र बालिकाहरूको भएको परिप्रेक्ष्यमाः विद्यालयमा पानी र सरसफाइको अभावले बालिकाहरूको शिक्षामा असर पार्छ। जब पानी नजिकै हुन्छ, बालिकाहरू विद्यालयमा रहन्छन्।

आर्थिक सर्वेक्षण २०८२/८३ मा उल्लेख गरिएअनुसार सर्वसुलभ रुपमा सुरक्षित खानेपानी वितरण तथा प्रशोधन सहितको ढल प्रणाली विकासको लागि राष्ट्रिय खानेपानी, सरसफाई तथा स्वच्छता नीति, २०८० र खानेपानी तथा सरसफाई नियमावली, २०८१ कार्यान्वयनमा आएका छन्। नेपालको संविधान, क्षेत्रगत नीति, आवधिक योजना तथा नीति तथा कार्यक्रममा भएको व्यवस्थाका कार्यान्वयनबाट आधारभूत थता सुरक्षित खोपानीको पहुँचमा वृद्धि भएको छ। २०८२ फागुनसम्म ९७.० प्रतिशत जनसङ्ख्यामा आधारभूत खानेपानीको पहुँच पुगेको छ। त्यसैगरी २९.० प्रतिशत जनसङ्ख्यामा सुरक्षित खानेपानी सेवाको पहुँच पुगेको छ।

चालु आर्थिक वर्षको फागुनसम्म विभिन्न ११ खानेपानी आयोजना सम्पन्न भई थप १ लाख २९ हजार ६ सय ३३ जनसङ्ख्यामा सुरक्षित खानेपानी सेवा पुगेको छ। खानेपानी संस्थान अन्तर्गत ५ हजार ४ सय ४१ नयाँ धारा जडान भएको छ। खानेपानी संस्थानबाट २०८२ फागुनसम्म कुल १ लाख ६५ हजार २१ धारा जडान गर्ने कार्य सम्पन्न भएको छ। मेलम्चीको पानी वितरणको लागि काठमाडौं उपत्यकामा पहिलो चरण सम्पन्न भई कुल १ हजार ५० किलोमिटर पाइपलाइनबाट नियमितरुपमा पानी वितरण कार्य शुरु भएको छ। काठमाडौंको खानेपानी वितरण प्रणाली सुधारको लागि Supervisory Control and Data Acquisition (SCADA) को कार्य सम्पन्न भएको छ।

आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा तराई मधेशमा सुख्खा याममा हुने खानेपानीको चरम अभावलाई दिगो रूपमा समाधान गर्न समुदायस्तरमा डिप बोरिङ सहितको खानेपानी प्रणालीको विकास गर्ने कार्यक्रम राखिएको छ। आर्सेनिकमुक्त तराई अभियान सञ्चालन गरिनुको साथै तराई मधेशमा अधुरा रहेका २८० वटा खानेपानी आयोजना सम्पन्न गर्न रू. २ अर्ब ५० करोड विनियोजन गरिएको छ। आगामी आर्थिक वर्ष याङ्री र लार्के खोलाबाट मेलम्चीमा पानी पथान्तरणका लागि अध्ययन सम्पन्न गर्ने नीति लिइएको छ। कीर्तिपुर, मध्यपुर थिमि, जोरपाटी, पेप्सीकोला, नागार्जुन र महालक्ष्मी लगायतका स्थानमा पाइप सञ्जाल विस्तारको कार्य थालनी गर्ने कार्यक्रम राखिएको छ। यस आयोजनाका लागि रू. ७ अर्ब २६ करोड विनियोजन गरिएको छ। शहरी क्षेत्रमा बिजुली, ढल तथा खानेपानी व्यवस्थापन एकीकृत रूपमा गर्नुका साथै दमक, धरान, इटहरी, वीरगञ्ज र हेटौंडा लगायत प्रमुख शहरमा खानेपानी र ढल निर्माण तथा प्रशोधन कार्यक्रम सञ्चालन गर्न रू. २ अर्ब ३४ करोड विनियोजन गरिएको छ।

पानीको संरक्षण गर्नुपर्ने आजको दायित्व हो। हिमाल पानीको प्रमुख स्रोत हो। हिमालको हिउँ पग्लिएर त्यसबाट नदीहरू उत्पत्ति हुन्छन्। यसका साथै समथर मुलुकहरूमा र नेपालका तराई क्षेत्रलगायत काठमाडौं उपत्यकामा पनि भूमिगत्त पानी निकालेर प्रयोग गर्ने गरिन्छ। दुभवेल वा बोरिङका माध्यमबाट भूमिगत पानी प्रयोग गरिन्छ तर अत्यधिक जनसंख्या र बाक्लो जनघनत्व भएको ठाउँमा भूमिगत पानीले पनि आवश्यकताको परिपूर्ति गर्न सकेको छैन। नेपालका हकमा कुरा गर्ने हो भने हिमालपारीबाट आउने एकथरी ठूला नदीहरू छन् भने केही ठूला नदी हिमालयलाई स्रोत बनाएर बगेका छन्। यसका साथै उच्च पहाडीक्षेत्र, निम्न पहाडीक्षेत्र, महाभारत पर्वत र चुरेलाई मुहान बनाएर बगेका नदीहरू पनि छन्। अत्यधिक जनसंख्या वृद्धि, वनफँडानी, सिमसारको संरक्षण नहुनु, पानीका मुहानहरू खलबलिनु जस्ता विभिन्न कारणले गर्दा दिनप्रतिदिन पानीको समस्या बढ्दै गएको छ शहरबजारमा त बाहिरबाट ट्यांकरमा पानी ल्याएर समस्या पूर्ति गर्नुपर्ने अवस्था छ। यो क्रम दिनप्रतिदिन बढिरहेको छ। गाउँघरमा धारा पँधेराहरू सुक्दैछन्, परम्परागत पानीका मुहान बन्द हुँदैछन्। विभिन्न प्राकृतिक कारण, मानवीय क्रियाकलाप, जलवायु परिवर्तन आदिले गर्दा ती मुहानहरू खलबलिएर यस्तो अवस्थाको सिर्जना भएको हो।

महिला र बालबालिकाहरूको पानीसम्बन्धी समस्या नेपालमा मात्र होइन, विश्वका अल्पविकसित र विकासउन्मुख देशहरूमा पनि देखिन्छ। विश्व स्वास्थ्य संगठन र संयुक्त राष्ट्रसंघ बालकोषको अध्ययनअनुसार आज पनि विश्वभर महिला र बालबालिकाहरूले पानीको जोहो गर्न दैनिक २० करोड घण्टा समय खर्च गर्नुपर्छ। उनीहरूलाई औसत रूपमा पानी लिनका लागि दुईदेखि ६ किलोमिटरसम्मको दुरी तय गर्नुपर्ने हुन्छ। विश्वव्यापी रूपमा एक अर्बभन्दा बढी महिलाहरू, जुन कुल महिलाहरूको करिब २७.१ प्रतिशत हो, सुरक्षित खानेपानी सेवाबाट वञ्चित छन्। तीमध्ये करिब २० करोड ५० लाख महिला असुरक्षित पानी पिउन बाध्य छन्। अझै पनि विश्वका ९.५ प्रतिशत महिला र बालबालिकाहरू चरम पानी संकटमा बाँचिरहेका छन्। ५३ देशमा गरिएको अध्ययनले देखाउँछ कि महिला र बालिकाले मात्र पानीको जोहो गर्न दैनिक २५ करोड घण्टा समय खर्च गर्छन्। नेपालको संविधानको धारा ३५(४) ले खानेपानी तथा सरसफाइलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। गुणस्तरीय, पहुँचयोग्य, विभेदरहित, सर्वसुलभ र आर्थिक रूपमा धान्न सकिने पानी सबैलाई उपलब्ध हुनुपर्छ। विडम्बना के छ भने अझै पनि मध्यपहाडी भूभागका बस्तीहरूमा महिलाहरूले पानीका लागि टाढा धाउनुपर्छ, बालबालिकाहरूले पानी बोक्दा विद्यालय जान पाउँदैनन् र विद्यालयमा पानी तथा सरसफाइको अभाव हुँदा महिनावारी भएका छात्राहरू विद्यालय जान हिच्किचाउँछन्। यसका बाबजुद नेपालमा खानेपानीको पहुँच विस्तारका लागि महत्वपूर्ण कामहरू भएका छन्। विगत ३० वर्षमा यस क्षेत्रमा उल्लेखनीय प्रगति भएको छ।

विश्वको करिब ७३-७५ प्रतिशत ( सन् २०२२) जनसंख्यामा (झण्डै छ अर्ब मानिस) ले 'सुरक्षितरूपमा व्यवस्थित' खानेपानी प्रयोग गरिरहेका थिए, जसको अर्थ घरमै उपलब्ध, आवश्यक परेको बेला पाइने र प्रदूषणमुक्त पानी हो। यस प्रगतिका बाबजुद पनि अझै चार जनामध्ये एक जना (करिब २.२ अर्ब मानिस) सुरक्षित खानेपानीको पहुँचबाट वञ्चित छन्, विशेषगरी ग्रामीण तथा कमजोर अवस्थाका क्षेत्रहरूमा ठूलो असमानता देखिन्छ। दिगो विकास लक्ष्य भनेको सन् २०३० सम्ममा सबैलाई सुरक्षित खानेपानीको पहुँच सुनिश्चित गर्ने रहेको छ। सो लक्ष्य हासिल गर्ने दिशामा विश्व अहिले सही मार्गमा छैन। उक्त लक्ष्य पूरा गर्न खानेपानी क्षेत्रमा लगानी छ गुणाले वृद्धि गर्न आवश्यक छ। सन् २०१५ देखि २०२४ बीच सुरक्षितरूपमा व्यवस्थित खानेपानीको पहुँच ६८ प्रतिशतबाट बढेर ७४ प्रतिशत पुगेको छ। जलवायु परिवर्तनले जलचक्रलाई तीव्र बनाउँदै खडेरी र बाढी दुवैको जोखिम बढाइरहेको छ। तापक्रम एक डिग्रीले बढ्दा वायुमण्डलले करिब सात प्रतिशत बढी आर्द्रता लिन्छ। परिणामस्वरूप धेरै क्षेत्रमा अत्यधिक वर्षाका घटनाहरूको आवृत्ति र तीव्रता बढेको छ। हाल विश्वको वर्षमा कम्तीमा एक महिना गम्भीर पानी अभावको सामना गर्छन्। सन् २०५० सम्म करिब ५.७ अर्ब मानिस पानी अभाव भएका क्षेत्रमा बस्न बाध्य हुन सक्छन्। जलवायु परिवर्तनका कारण धेरै सुक्खा क्षेत्रहरूमा नवीकरणीय ऊर्जामा १०-३० प्रतिशतसम्म घट्ने अनुमान गरिएको छ।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# नेपालमा औद्योगिक विकास: सम्भावना र चुनौती

**मनोज कुमार पोखरेल**

कुनै पनि देशको आर्थिक समृद्धिको आधार कृषि, उद्योग र सेवा क्षेत्रको सन्तुलित विकासमा निर्भर हुन्छ। कृषि प्रधान अर्थतन्त्रबाट आधुनिक र आत्मनिर्भर अर्थतन्त्रतर्फ उन्मुख हुन उद्योग क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ। उद्योगले उत्पादन बढाउने मात्र होइन, रोजगारी सिर्जना गर्ने, आयात प्रतिस्थापन गर्ने, निर्यात प्रवर्द्धन गर्ने, राज्यको राजस्व वृद्धि गर्ने र समग्र आर्थिक गतिविधिलाई गतिशील बनाउने काम गर्दछ।

नेपालमा पनि औद्योगिक विकासको सपना निकै पुरानो भए पनि विभिन्न कारणले अपेक्षित उपलब्धि हासिल गर्न सकेको छैन। देशभित्र रहेका प्राकृतिक स्रोत, युवा जनशक्ति, भौगोलिक अवस्थिति र बढ्दो बजारका कारण औद्योगिक विकासको सम्भावना अझै प्रशस्त देखिन्छ।

नेपालमा आधुनिक औद्योगिक विकासको प्रारम्भ राणा शासनकालबाट भएको मानिन्छ। वि.सं. १९९३ मा स्थापना भएको विराटनगर जुट मिललाई नेपालको पहिलो आधुनिक उद्योगका रूपमा लिइन्छ। त्यसपछि कपडा, चुरोट, चिनी, साबुन, सिमेन्टलगायतका उद्योग क्रमशः स्थापना हुन थाले। यद्यपि, ती उद्योगहरूको विकास सीमित क्षेत्रमा मात्र केन्द्रित थियो। प्रजातन्त्र स्थापनापश्चात् उद्योग क्षेत्रलाई व्यवस्थित रूपमा विस्तार गर्ने प्रयास गरियो। सरकारले विभिन्न औद्योगिक नीति ल्यायो, औद्योगिक क्षेत्र स्थापना गरियो र निजी क्षेत्रलाई पनि लगानीका लागि प्रोत्साहन दिइयो। विशेष गरी २०४६ सालपछि उदारीकरण र खुला बजार अर्थतन्त्रको नीति लागू भएपछि निजी क्षेत्रको सहभागिता उल्लेखनीय रूपमा बढ्यो। बैंकिङ, उत्पादन, पर्यटन, जलविद्युत्, सूचना प्रविधि तथा सेवा क्षेत्रमा निजी लगानी विस्तार हुन थाल्यो।

नेपालमा उद्योग क्षेत्रले निरन्तर गति लिन सकेन। राजनीतिक अस्थिरता, दशकौँ लामो द्वन्द्व, नीतिगत अनिश्चितता, कमजोर पूर्वाधार, ऊर्जा संकट तथा प्रशासनिक झन्झटका कारण धेरै उद्योग बन्द भए वा अपेक्षित क्षमतामा सञ्चालन हुन सकेनन्। एक समय देशका प्रमुख औद्योगिक प्रतिष्ठानका रूपमा रहेका धेरै सरकारी उद्योगहरू आज बन्द वा निष्क्रिय अवस्थामा छन्। कपडा उद्योग, जुत्ता उद्योग, कागज उद्योगदेखि चिनी उद्योगसम्मले विभिन्न समस्याका कारण अस्तित्व जोगाउन संघर्ष गर्नुपरेको छ।

चुनौतीका बीच नेपालमा औद्योगिक विकासको सम्भावना भने अत्यन्तै उज्यालो छ। सबैभन्दा ठूलो सम्भावना जलस्रोतमा देखिन्छ। नेपाल विश्वकै जलस्रोत सम्पन्न देशमध्ये एक हो। जलविद्युत् उत्पादनको विशाल सम्भावना रहेको नेपालले पर्याप्त विद्युत् उत्पादन गर्न सके उद्योग सञ्चालनका लागि आवश्यक ऊर्जा सहज रूपमा उपलब्ध गराउन सक्छ। पछिल्ला वर्षहरूमा विद्युत् उत्पादनमा उल्लेखनीय वृद्धि भएको छ। लोडसेडिङको अन्त्यसँगै उद्योग क्षेत्रका लागि सकारात्मक वातावरण बन्न थालेको छ। सस्तो र भरपर्दो ऊर्जा उपलब्ध हुन सके उत्पादन लागत घट्ने र उद्योगहरू प्रतिस्पर्धी बन्ने सम्भावना बढ्छ।

त्यसैगरी कृषि आधारित उद्योगहरूको सम्भावना पनि नेपालमा अत्यधिक छ। देशका अधिकांश नागरिक अझै कृषि पेशामा आवद्ध छन्। फलफूल, तरकारी, चिया, कफी, अलैंची, अदुवा, जडीबुटी, दुग्धजन्य पदार्थ तथा अन्य कृषि उत्पादनमा आधारित उद्योग विस्तार गर्न सकिए किसानको आय वृद्धि हुनुका साथै आयातित बस्तुमाथिको निर्भरता पनि घटाउन सकिन्छ। कृषि र उद्योगबीचको सम्बन्ध बलियो बनाउन सके ग्रामीण अर्थतन्त्रलाई समेत सुदृढ बनाउन सकिन्छ।

नेपालको भौगोलिक अवस्थिति पनि औद्योगिक विकासका लागि अवसरको विषय हो। विश्वका दुई विशाल अर्थतन्त्र भारत र चीनको बीचमा रहेको नेपालले उत्पादन तथा व्यापारको केन्द्र बन्न सक्ने सम्भावना राख्छ। यदि यातायात, भन्सार प्रणाली र व्यापारिक पूर्वाधारलाई आधुनिक बनाउन सकियो भने नेपालले दुवै छिमेकी मुलुकसँगको व्यापारिक अवसरबाट लाभ लिन सक्छ। हस्तकला, गलैँचा, पश्मिना, जडीबुटीजन्य उत्पादन, पर्यटनसँग सम्बन्धित सामग्री तथा सूचना प्रविधिमा आधारित सेवाहरूको अन्तर्राष्ट्रिय बजार पनि विस्तार हुँदै गएको छ।

औद्योगिक विकासको चर्चा गर्दा श्रमिकको अवस्थालाई बेवास्ता गर्न सकिँदैन। उद्योगको मेरुदण्ड नै श्रमिक हुन् तर नेपालमा औद्योगिक श्रमिकहरूको अवस्था अझै पनि सन्तोषजनक छैन। न्यून पारिश्रमिक, अस्थायी रोजगारी, सामाजिक सुरक्षाको अभाव, सीप विकासका सीमित अवसर तथा श्रम सम्बन्धी विवादका कारण धेरै श्रमिक असन्तुष्ट छन्। लाखौँ नेपाली युवा रोजगारीको खोजीमा विदेशिनु परेको अवस्था छ। देशभित्र पर्याप्त रोजगारी सिर्जना गर्न सकिएको छैन। उद्योग क्षेत्र विस्तार भई श्रमिकमैत्री वातावरण निर्माण हुन सके वैदेशिक रोजगारीमा जाने युवाको संख्या घट्न सक्छ।

श्रमिकको उत्पादनशीलता बढाउन सीपमूलक तालिम, प्रविधिमैत्री शिक्षा तथा व्यावसायिक प्रशिक्षणलाई जोड दिन आवश्यक छ। आजको उद्योग केवल शारीरिक श्रममा आधारित छैन; आधुनिक प्रविधि सञ्चालन गर्न सक्ने दक्ष जनशक्ति आवश्यक पर्छ। त्यसैले उद्योग र प्राविधिक शिक्षाबीच समन्वय कायम गर्नुपर्छ। श्रमिकको हकहित सुनिश्चित गर्दै उद्योगी र श्रमिकबीच सहकार्यको वातावरण निर्माण गर्न सके उद्योग क्षेत्र दीर्घकालीन रूपमा लाभान्वित हुन्छ।

बजारको प्रश्न पनि औद्योगिक विकाससँग प्रत्यक्ष जोडिएको छ। नेपालमा उत्पादन हुने धेरै बस्तुले बजार अभावको समस्या झेल्नुपरेको छ। अर्कोतर्फ विदेशी बस्तुको अत्यधिक आयातले स्वदेशी उद्योगलाई चुनौती दिएको छ। खुला सीमा, सस्तो आयातित सामग्री तथा कमजोर ब्रान्डिङका कारण नेपाली उत्पादनले प्रतिस्पर्धा गर्न कठिनाइ भोग्नुपरेको छ। स्वदेशी उत्पादनको गुणस्तर सुधार, आधुनिक प्याकेजिङ, प्रभावकारी बजार व्यवस्थापन तथा निर्यात प्रवर्द्धनमार्फत यस समस्याको समाधान खोज्न सकिन्छ। सरकारले सार्वजनिक खरिदमा स्वदेशी उत्पादनलाई प्राथमिकता दिने नीति अवलम्बन गरे उद्योग क्षेत्रलाई ठूलो राहत मिल्न सक्छ।

नेपालमा औद्योगिक विकासका लागि नीतिगत स्थिरता अत्यन्त आवश्यक छ। लगानीकर्ता दीर्घकालीन योजना बनाएर उद्योग स्थापना गर्छन्। बारम्बार परिवर्तन हुने नीति, जटिल कानूनी प्रक्रिया र प्रशासनिक ढिलासुस्तीले लगानीको वातावरण प्रभावित हुने गरेको छ। उद्योग स्थापना, सञ्चालन र विस्तारका प्रक्रियालाई सरल, पारदर्शी र प्रविधिमैत्री बनाउन सकिए स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्न सहज हुनेछ।

आज विश्व चौथो औद्योगिक क्रान्तिको चरणमा प्रवेश गरिरहेको छ। कृत्रिम बुद्धिमत्ता, स्वचालन, डिजिटल प्रविधि र हरित ऊर्जामा आधारित उद्योगहरूको विकास तीव्र गतिमा भइरहेको छ। नेपालले पनि परम्परागत उद्योगमा मात्र सीमित नरही सूचना प्रविधि, सफ्टवेयर विकास, डिजिटल सेवा, नवप्रवर्तन र हरित उद्योगतर्फ ध्यान दिन आवश्यक छ। यसले कम लगानीमा उच्च मूल्य सिर्जना गर्न सक्ने सम्भावना प्रदान गर्दछ।

समग्रमा भन्नुपर्दा नेपालमा औद्योगिक विकासको इतिहास लामो भए पनि उपलब्धि अपेक्षाकृत सीमित रहेको छ। जलस्रोत, कृषि, पर्यटन, मानव स्रोत र भौगोलिक अवस्थिति जस्ता पक्षहरूले भविष्यका लागि आशावादी आधार प्रदान गरेका छन्। उद्योगमैत्री नीति, दक्ष श्रमिक, भरपर्दो ऊर्जा, सुदृढ पूर्वाधार र विस्तारित बजारको व्यवस्था गर्न सकिए नेपालले औद्योगिक विकासमा नयाँ फड्को मार्न सक्छ। औद्योगिक विकास केवल आर्थिक वृद्धिको माध्यम मात्र होइन, रोजगारी सिर्जना, गरिबी न्यूनीकरण र राष्ट्रिय समृद्धिको बलियो आधार पनि हो। त्यसैले नेपालले अब उद्योगलाई केवल नीतिगत भाषणको विषय होइन, राष्ट्रिय प्राथमिकताको केन्द्रमा राखेर अगाडि बढ्नुपर्ने आवश्यकता देखिन्छ।

## साप्ताहिक राशिफल

**मेष** (**चु, चे, चो, ला, लि, लु, ले, लो, अ**)

मेष राशिका व्यक्तिहरूका लागि यो साता उत्साहजनक रहनेछ। लामो समयदेखि रोकिएका कामले गति लिने सम्भावना छ। कार्यक्षेत्रमा तपाईंको मेहनत र क्षमताको मूल्यांकन हुनेछ। जागिरमा नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ भने व्यापार-व्यवसायमा पनि सकारात्मक संकेत देखिन्छ। आर्थिक पक्ष सन्तोषजनक रहनेछ। पारिवारिक वातावरण सुखद रहनेछ। आफन्त तथा साथीभाइसँगको सम्बन्ध थप प्रगाढ बन्नेछ। प्रेम सम्बन्धमा आत्मीयता बढ्नेछ। विद्यार्थीहरूका लागि अध्ययनमा ध्यान केन्द्रित गर्ने राम्रो समय रहेको छ। स्वास्थ्य सामान्यतया राम्रो रहने भए पनि अत्यधिक कामको चापले थकान बढ्न सक्छ।

**वृष** (**इ, उ, ए, ओ, वा, वि, वु, वे, वो**)

यो साता वृष राशिका व्यक्तिहरूले धैर्य र संयमलाई प्राथमिकता दिनुपर्ने देखिन्छ। साताको प्रारम्भमा केही काममा ढिलाइ भए पनि अन्त्यतिर परिस्थितिमा सुधार आउनेछ। व्यापारमा लाभको सम्भावना छ भने रोजगारीमा रहेका व्यक्तिहरूले वरिष्ठको साथ र सहयोग प्राप्त गर्न सक्छन्। वैदेशिक अध्ययन वा रोजगारीको प्रयासमा रहेका व्यक्तिहरूले सकारात्मक संकेत पाउने सम्भावना छ। परिवारमा खुसीको वातावरण बन्नेछ। घरायसी विषयमा महत्वपूर्ण निर्णय लिनुपर्ने अवस्था आउन सक्छ। आर्थिक लेनदेन गर्दा सावधानी अपनाउनु राम्रो हुनेछ। स्वास्थ्यतर्फ खानपानमा विशेष ध्यान दिनु आवश्यक देखिन्छ।

**मिथुन** (**का, कि, कु, घ, ङ, छ, के, को, ह**)

मिथुन राशिका व्यक्तिहरूका लागि यो साता सिर्जनशीलता र बौद्धिक क्षमताको प्रयोग गर्ने अवसर प्राप्त हुनेछ। नयाँ योजना निर्माण गर्ने र त्यसलाई सफलतापूर्वक अघि बढाउने समय रहेको छ। सञ्चार, शिक्षा, लेखन, पत्रकारिता तथा सिर्जनात्मक क्षेत्रमा आबद्ध व्यक्तिहरूलाई विशेष लाभ मिल्न सक्छ। सामाजिक क्षेत्रमा मान-सम्मान प्राप्त हुनेछ। मित्र तथा शुभचिन्तकहरूको सहयोगले काममा सफलता प्राप्त हुनेछ। आर्थिक रूपमा सुधार आउने संकेत देखिन्छ। प्रेम सम्बन्धमा विश्वास र समझदारी बढ्नेछ। स्वास्थ्य सामान्य रहनेछ तर अनावश्यक चिन्ता नगर्नु राम्रो हुनेछ।

**कर्कट** (**हि, हु, हे, हो, डा, डि, डु, डे, डो**)

कर्कट राशिका व्यक्तिहरूका लागि यो साता केही चुनौतीपूर्ण देखिए पनि अन्ततः परिणाम सकारात्मक रहनेछ। कार्यक्षेत्रमा धैर्य र विवेक आवश्यक पर्नेछ। जागिरमा अतिरिक्त जिम्मेवारी आउन सक्छ। सहकर्मीसँगको सम्बन्ध सुमधुर राख्न प्रयास गर्नु राम्रो हुनेछ। पारिवारिक विषयमा बढी समय दिनुपर्ने देखिन्छ। आर्थिक पक्ष सामान्य रहनेछ। ठूलो लगानी वा जोखिमयुक्त निर्णय गर्दा अनुभवी व्यक्तिको सल्लाह लिनु उचित हुनेछ। धार्मिक तथा सामाजिक गतिविधिमा सहभागिता बढ्न सक्छ। स्वास्थ्यमा पाचन प्रणालीसँग सम्बन्धित सामान्य समस्या देखिन सक्ने सम्भावना छ।

**सिंह** (**मा, मि, मु, मे, मो, टा, टि, टु, टे**)

सिंह राशिका व्यक्तिहरूका लागि यो साता उपलब्धिमूलक रहनेछ। नेतृत्वदायी भूमिका निर्वाह गर्ने अवसर प्राप्त हुनेछ। सरकारी तथा प्रशासनिक क्षेत्रमा कार्यरत व्यक्तिहरूले सफलता प्राप्त गर्ने सम्भावना छ। व्यापारमा लाभ बढ्ने र नयाँ अवसर प्राप्त हुने संकेत देखिन्छ। परिवारमा सुखद वातावरण रहनेछ। प्रेम तथा दाम्पत्य सम्बन्ध थप सुदृढ बन्नेछ। समाजमा प्रतिष्ठा बढ्ने र सम्मान प्राप्त हुने सम्भावना छ। आर्थिक पक्ष बलियो बन्नेछ। विद्यार्थीहरूका लागि अध्ययन तथा प्रतिस्पर्धात्मक परीक्षामा सफलता प्राप्त गर्ने समय रहेको छ।

**कन्या** (**टो, पा, पि, पु, ष, ण, ठ, पे, पो**)

यो साता कन्या राशिका व्यक्तिहरूले परिश्रमको राम्रो प्रतिफल प्राप्त गर्नेछन्। लामो समयदेखि अधुरा रहेका काम सम्पन्न हुने सम्भावना छ। व्यवसायमा नयाँ अवसर प्राप्त हुनेछ भने जागिरमा प्रशंसा र प्रगतिको सम्भावना देखिन्छ। विद्यार्थीहरूका लागि अध्ययनमा उन्नति हुने समय रहेको छ। वैदेशिक क्षेत्रसँग सम्बन्धित काममा सकारात्मक परिणाम प्राप्त हुन सक्छ। परिवारबाट सहयोग र हौसला मिल्नेछ। आर्थिक पक्ष सुदृढ बन्ने देखिन्छ। स्वास्थ्यमा सुधार आउनेछ र मानसिक शान्ति अनुभव हुनेछ।

**तुला** (**रा, रि, रु, रे, रो, ता, ति, तु, ते**)

तुला राशिका व्यक्तिहरूका लागि यो साता सम्बन्ध विस्तार र सहकार्यको समय हो। नयाँ व्यक्तिसँगको चिनजानले भविष्यमा लाभ दिलाउन सक्छ। व्यवसायमा साझेदारीका अवसर देखिनेछन्। जागिरमा जिम्मेवारी बढ्न सक्छ तर त्यसले भविष्यमा राम्रो परिणाम दिनेछ। आर्थिक पक्ष सन्तुलित रहनेछ। प्रेम सम्बन्धमा मधुरता आउनेछ। परिवारमा खुसीको वातावरण रहनेछ। सामाजिक कार्यक्रममा सहभागिता बढ्न सक्छ। स्वास्थ्य सामान्य रहनेछ, तर मौसम परिवर्तनका कारण सामान्य समस्या देखिन सक्ने भएकाले सावधानी अपनाउनु राम्रो हुनेछ।

**वृश्चिक** (**तो, ना, नि, नु, ने, नो, या, यि, यु**)

वृश्चिक राशिका व्यक्तिहरूका लागि यो साता सावधानीपूर्वक निर्णय लिनुपर्ने समय रहेको छ। हतारमा गरिएको निर्णयले समस्या निम्त्याउन सक्छ। कार्यक्षेत्रमा प्रतिस्पर्धा बढे पनि मेहनत र लगनशीलताले सफलता दिलाउनेछ। आर्थिक कारोबारमा सतर्कता अपनाउनु आवश्यक छ। परिवारको सहयोग प्राप्त हुनेछ। पुराना साथीहरूसँग भेटघाट हुन सक्छ। प्रेम सम्बन्धमा आपसी विश्वास कायम राख्नुपर्ने देखिन्छ। स्वास्थ्यतर्फ मानसिक तनाव बढ्न सक्ने भएकाले आराम र सकारात्मक सोच आवश्यक हुनेछ।

**धनु** (**ये, यो, भा, भि, भु, ध, फा, ढा, भे**)

धनु राशिका व्यक्तिहरूका लागि यो साता भाग्यको साथ प्राप्त हुने देखिन्छ। नयाँ अवसरहरू प्राप्त हुनेछन्। शिक्षा, अनुसन्धान, अध्यापन तथा बौद्धिक क्षेत्रमा संलग्न व्यक्तिहरूले विशेष सफलता हासिल गर्न सक्छन्। व्यापार-व्यवसायमा विस्तारको सम्भावना देखिन्छ। धार्मिक तथा सामाजिक कार्यमा सक्रियता बढ्नेछ। प्रेम सम्बन्धमा सकारात्मक परिवर्तन आउनेछ। परिवारबाट राम्रो सहयोग प्राप्त हुनेछ। आर्थिक पक्ष मजबुत बन्ने संकेत देखिन्छ। लामो समयदेखि सोचिएको योजना कार्यान्वयन गर्ने अवसर प्राप्त हुन सक्छ।

**मकर** (**भो, जा, जि, खि, खु, खे, खो, गा, गि**)

मकर राशिका व्यक्तिहरूले यो साता आर्थिक व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने देखिन्छ। आम्दानी बढ्ने सम्भावना भए पनि खर्च पनि बढ्न सक्छ। घरजग्गा, सम्पत्ति तथा निर्माणसम्बन्धी कार्यमा प्रगति हुनेछ। कार्यस्थलमा मेहनतअनुसारको प्रतिफल प्राप्त हुनेछ। पारिवारिक जिम्मेवारी बढ्न सक्छ। दाम्पत्य जीवनमा समझदारी कायम राख्न आवश्यक हुनेछ। स्वास्थ्यतर्फ ढाड, कम्मर वा जोर्नीसँग सम्बन्धित सामान्य समस्या देखिन सक्ने सम्भावना छ।

**कुम्भ** (**गु, गे, गो, सा, सि, सु, से, सो, दा**)

कुम्भ राशिका व्यक्तिहरूका लागि यो साता आत्मविश्वास र उत्साह बढ्ने समय हो। सामाजिक तथा व्यावसायिक क्षेत्रमा प्रभाव विस्तार हुनेछ। नयाँ जिम्मेवारीले आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर प्रदान गर्नेछ। आर्थिक पक्ष बलियो बन्ने सम्भावना छ। साथीभाइ तथा सहकर्मीहरूको सहयोग प्राप्त हुनेछ। प्रेम तथा दाम्पत्य सम्बन्धमा मधुरता आउनेछ। पारिवारिक वातावरण सुखद रहनेछ। नयाँ योजना शुरु गर्न वा पुराना योजनालाई गति दिन अनुकूल समय रहेको छ।

**मीन** (**दि, दु, थ, झ, ञ, दे, दो, चा, चि**)

मीन राशिका व्यक्तिहरूका लागि यो साता मिश्रित तर सकारात्मक रहने देखिन्छ। अधुरा काम पूरा हुनेछन्। सिर्जनात्मक, साहित्यिक तथा कलात्मक क्षेत्रमा संलग्न व्यक्तिहरूले उल्लेखनीय सफलता प्राप्त गर्न सक्छन्। आर्थिक पक्षमा सुधार आउनेछ। परिवारसँग बिताएको समय सुखद रहनेछ। आफन्तजनसँग भेटघाट तथा शुभ समाचार प्राप्त हुने सम्भावना छ। प्रेम सम्बन्धमा नयाँ उत्साह थपिनेछ। स्वास्थ्य सामान्य रहनेछ, यद्यपि पर्याप्त आराम र सन्तुलित खानपानमा ध्यान दिनु उपयुक्त हुनेछ।

Considering studying or working aboard?
Come to **Joy International Language Institute**

for all levels of
English and Spanish Language Classes

including **IELTS, PTE, TOEFL**
*Improve your conversation skills speaking with a native speaker.*

Gatthaghar Road (on the way to Global Pathsala School Junior Block)

Contact the Office :
974 597 9010
joylanguageinstitute@gmail.com




विद्यार्थीलाई अतिरिक्त क्रियाकलाप गराउनु परे
हामीलाई सम्झिनु होस्

स्कूल तथा कलेजमा अध्ययरत विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापहरु जस्तै :
- हस्तलेखन
- कथालेखन
- नाटकलेखन तथा नाटकको प्रस्तुति
- गायन तथा संगीत
- चित्रकला
- कानूनी ज्ञानहरु
- पत्रकारिताको जानकारी
- उद्घोषण कला
- नाच्ने कला



आदिको ज्ञान दिलाउन चाहनु हुन्छ भने हामी त्यसको व्यवस्थापनको लागि तयार छौं।
हामी तपाईहरुको विद्यालय तथा विद्यार्थीहरुका लागि सबै खाले तालिम, कार्यशाला संचालन गरी तपाइँहरुको आवश्यकता अनुसारका प्याकेजहरु तपाईहरुको अनुकुल समयमा हामी सेवा दिन तयार छौं।

सम्पर्क नं.९८१८६७००८८
क्रियटिभ सेन्टर नेपाल प्रा.लि.
काठमाडौं–११

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

**विदेशमा रहेका विद्यार्थीका अभिभावकलाई जानकारी**

तपाईका सन्तान विदेशमा पढ्दैछन् ?
तपाईका सन्तान विदेशमा पढ्न जाँदैछन् ?
तपाई आफ्ना सन्तानलाई विदेशमा पढाउन लागि रहनु भएको छ ?

यदि माथिको कुनै पनि अवस्थामा तपाईहरु हुनुहुन्छ भने नेपालमा रहेका आमाबुबा वा अभिभावकका लागि भनी नेपालमा संस्था (मुनाफा वितरण नगर्ने कम्पनी) खोलिएको छ। तपाईहरु पनि जोडिएर सहकार्य गर्न सक्नुहुनेछ। त्यसका लागि

**सम्पर्क नं.९८१८६७००८८ (अध्यक्ष)**
**इन्टरनेशनल स्टुडेट्न्स प्यारेन्ट वेलफेयर सेन्टर नेपाल**
**काठमाडौं–११, बबरमहल**

# म झुक्ने छैन, मेरो कलम रोकिने छैन

## एक निर्वासित नेपालीको हृदयको आवाज



**प्रबिन तामाङ**
**रामपुर–५, रामेछाप (हाल : बेलायत)**

म, प्रबिन तामाङ, रामेछापको रामपुर-५ को माटोमा जन्मेको, हुर्केको र त्यही माटोको ऋण बोकेर हिँडेको एक सामान्य नेपाली नागरिक हुँ। आज शरीरले म सात समुद्र पारि बेलायतको भूमिमा छु, तर मेरो मन, मेरो सास र मेरो आत्मा अझै पनि हिमालको काखमा, मेरो गाउँको आँगनमा र मेरा करोडौं देशवासीको पीडामा गाँसिएको छ। आज म कुनै नेता वा पत्रकारको मुखबाट होइन, आफ्नै हृदयको गहिराइबाट यो सन्देश प्रत्यक्ष तपाईंहरूसामु राख्न चाहन्छु।

सन् २०२३ को अक्टोबरदेखि म बेलायतमा छु। यो प्रवास मेरो रहर होइन कि यो त एउटा तीतो बाध्यता हो। आफ्नो देश छाडेर पराई भूमिमा बस्नुपर्ने पीडा त्यही व्यक्तिले मात्र बुझ्छ, जसले देशका लागि बोल्दा आफ्नै देशमा सास फेर्न गाह्रो भएको छ।

*सत्य बोल्नु मेरो 'अपराध'*

विद्यार्थी कालदेखि नै मैले अन्यायविरुद्ध आवाज उठाउन सिकेँ। नेपालमा छँदा म विभिन्न जनआन्दोलन र सडक संघर्षमा होमिएँ। गरिब, निमुखा र पिल्सिएका जनताको हकका लागि, अनि भ्रष्ट नेतृत्व र विदेशी प्रभुत्वबाट देशलाई जोगाउनका लागि मैले आफूलाई सधैँ उभ्याएँ। मैले एउटा पुस्तकसँगै अनेकौं पर्चा र पम्प्लेट लेखेँ। शासन व्यवस्थाभित्रको भ्रष्टाचारविरुद्ध, उच्च ओहोदाका मानिसले गरिब जनतामाथि गर्ने शोषणविरुद्ध र पदोन्नतिदेखि नियुक्तिसम्म घुस लिएर हुने बेथितिविरुद्ध मैले आवाज निकाली रहेँ।

मेरो एउटै हतियार सत्य थियो। मेरो एउटै ध्येय जनतालाई सुसूचित र सचेत बनाउनु थियो। मैले गाउँ-गाउँ, घर-घरमा सूचना पुऱ्याएँ, मानिसलाई उनीहरूको अधिकारबारे जागरुक बनाएँ। सत्ता र शक्तिको आडमा बस्नेहरूलाई यही सत्यबोली काँडाझैं बिझ्न थाल्यो।

*धम्कीको छाया मेरो परिवारसम्म*

समय-समयमा मलाई सत्तापक्षका नेताहरूबाट धम्की आउन थाले। गत महिना त हद नै नाघ्यो। मेरा वृद्ध पिता सरमान तामाङले रामेछापबाट फोन गर्नुभयो र काम्दो श्वरमा सुनाउनुभयो, 'एक समूह घरमै आइपुगेर मेरा परिवारका सदस्यलाई धम्क्यायो।'

'त्यस्तो पार्टीमा नलाग्नू, त्यस्ता लेख नलेख्नू। नरोके छोरालाई जे पनि गर्न सक्छौं।' मेरा पिताका अनुसार, धम्की दिने ती व्यक्तिहरू हाल ठूलो शक्ति बनेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) निकट थिए, र तिनको हाउभाउ अत्यन्तै आक्रामक एवं त्रासपूर्ण थियो। एक छोरो भएर, सात समुद्र पारिबाट आफ्ना बूढा बाबुको त्यो काम्दो आवाज सुन्दा मेरो मुटु चसक्क भयो। आफ्ना कारण आफ्नै परिवार धम्कीको सिकार बन्नुपर्दाको पीडा शब्दमा बयान गर्न सकिँदैन। म प्रश्न गर्न चाहन्छु – सत्य लेख्नु के अपराध हो ? आफ्नो देशका लागि बोल्नु के पाप हो ? यदि हो भने, म त्यो 'अपराध' बारम्बार गर्न तयार छु।

*राजनीतिक यात्रा र अडान*

म इमानदारीपूर्वक भन्न चाहन्छु कि म नेपाल कम्युनिस्ट पार्टी (विप्लव) मा आवद्ध थिएँ। जब त्यही नेतृत्व पनि वर्तमान सत्ताको समर्थनमा उभियो, मैले आफूलाई ठगिएको महसुस गरेँ। जनताको पक्षमा भनिएको राजनीति जब सत्ताको स्वार्थमा बदलियो, मेरो अन्तरआत्माले त्यो बाटो स्वीकार्न सकेन।

त्यसैले मैले बाटो फेरेँ। अहिले म दुर्गा प्रसाईंको नेतृत्वमा सञ्चालित 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ अभियान' को साथमा छु। यो अभियानको मुख्य ध्येय नेपालमा राजसंस्था तथा हिन्दु राष्ट्रको पुनर्स्थापना हो। प्रसाईंसँगै राष्ट्रिय प्रजातन्त्र पार्टीबाट विद्रोह गर्नु भएका डा. धवल शमशेर राणा समेत मिलेर नयाँ पार्टी बनाउने कुरा आएको छ।

विगतका र वर्तमानका कुनै पनि सरकारले देशका लागि केही गरेनन्। देश ऋणमा डुब्यो, युवा विदेशिए, गाउँ रित्तिए र इमानदार मानिस किनारा लाग्दै गए। यो निराशाको बीचमा मलाई गहिरो विश्वास छ कि अब राजाले मात्रै यो देशलाई जोगाउन सक्छन्। यो मेरो राजनीतिक आस्था हो र यसमा म दृढ छु।

*झुक्दिनँ, रोकिन्नँ*

आज म स्पष्ट रूपमा घोषणा गर्न चाहन्छु कि वर्तमान अवस्थामा म नेपाल फर्कन सुरक्षित छैन। मेरो ज्यान र मेरो परिवारको सुरक्षामाथि गम्भीर खतरा छ। यो कुरा म सार्वजनिक रूपमा अभिलेखमा राख्न चाहन्छु, ताकि भोलि मलाई वा मेरा परिवारलाई केही भएमा त्यसको जिम्मेवार को हो, सबैले बुझून्।

म यो पनि उत्तिकै दृढतापूर्वक भन्छु कि धम्कीले मलाई किन्न सक्दैन, डरले मलाई झुकाउन सक्दैन र दूरीले मेरो आवाज दबाउन सक्दैन। जहाँ रहे पनि म लेखिरहनेछु, बोलिरहनेछु, र अन्यायविरुद्ध आफ्नो विचार बाँडिरहनेछु। मेरो कलम तबसम्म चल्नेछ, जबसम्म यो देशमा एउटै निमुखा नागरिक अन्यायमा पर्छ।

*देशवासीसामु मेरो अपिल*

प्रिय देशवासी, म कुनै पद वा शक्तिको लोभले होइन, यो माटोप्रतिको प्रेमले बोलिरहेको छु। मैले माग्ने केही छैन – केवल एउटा सत्य, इमानदार र समृद्ध नेपाल। मेरो यो आवाज तपाईंहरूको सद्भाव र समर्थनबिना अधुरो छ।

इतिहास साक्षी छ कि सत्यलाई केही समय दबाउन सकिन्छ, तर सधैंभरि होइन। म विश्वास गर्छु, अन्धकार जतिसुकै गाढा होस्, बिहानको घाम अवश्य उदाउँछ। त्यो उज्यालो नेपाल र नेपालीको हो। त्यो दिनसम्म मेरो संघर्ष जारी रहनेछ निरन्तर, निर्भीक र अडिग रुपमा। जय नेपाल !

# जलवायु सचेतना कार्यक्रमको समीक्षा



नेपालगन्ज/ बैजनाथ गाउँपालिकामा सञ्चालन भइरहेको विद्यालयस्तरीय जलवायु परिवर्तन सचेतना कार्यक्रमको प्रभावकारिता र उपलब्धिबारे समीक्षा गर्न सिकाइ साझेदारी बैठक सम्पन्न भएको छ।

गाउँपालिकाको सहयोग तथा बास नेपालको आयोजनामा सम्पन्न बैठकमा प्रधानाध्यापकहरूको सहभागिता रहेको थियो। यस्तो कार्यक्रमले छोटो अवधिमै विद्यार्थीमा जलवायु परिवर्तन सम्बन्धी चेतना अभिवृद्धि गर्न उल्लेखनीय सफलता हासिल गरेको उनीहरुले बताए।

कार्यक्रममा श्री सूर्योदय माध्यमिक विद्यालय, चिसापानीका प्रधानाध्यापक दीपकबहादुर शाहीले जलवायु परिवर्तनसम्बन्धी सचेतना कार्यक्रम समयसापेक्ष र प्रभावकारी रहेको बताए। उनले जलवायु परिवर्तन विश्वव्यापी चुनौतीका रूपमा देखा परेको उल्लेख गर्दै विद्यार्थीसँगै अभिभावक तहसम्म पनि सचेतना विस्तार गर्न आवश्यक रहेको धारणा राखे।

सहभागी प्रधानाध्यापकहरूले विद्यालयको सरसफाइ, हरियाली प्रवर्द्धन, स्वच्छ खानेपानीलगायतका आधारभूत आवश्यकतामा स्थानीय तहले थप प्राथमिकता दिनुपर्ने सुझाव दिए। उनीहरूले वातावरण संरक्षण र जलवायु अनुकूल व्यवहार विकासका लागि विद्यालय र समुदायबीचको सहकार्यलाई अझ सुदृढ बनाउनुपर्नेमा जोड दिए।

बैठकका क्रममा कार्यक्रममा आवद्ध विद्यार्थीहरूले आफूले हासिल गरेका सिकाइ, अनुभव तथा कार्यक्रमबाट परेको सकारात्मक प्रभावबारे अनुभव आदानप्रदान गरेका थिए। बास नेपालकी केन्द्रीय महासचिव कल्पना अधिकारीले सहजीकरण गरेको कार्यक्रममा संस्थाका निर्देशक हेमराज भट्टले जलवायु परिवर्तन सचेतना कार्यक्रमको उद्देश्य, हालसम्म प्राप्त उपलब्धि, सिकाइका पक्ष, देखिएका चुनौती तथा आगामी कार्ययोजनाबारे प्रस्तुति दिएका थिए।

बैठकमा बैजनाथ गाउँपालिका-१ स्थित श्री सूर्योदय माध्यमिक विद्यालय, वडा नं. ५ का श्री सुन्दर आधारभूत विद्यालय, श्री सिंह भवानी आधारभूत विद्यालय तथा श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय गुरुवागाउँ, साथै वडा नं. ७ स्थित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय पेडारीका प्रधानाध्यापक, सम्पर्क शिक्षक तथा जलवायु क्लबमा आवद्ध विद्यार्थीहरूको सहभागिता थियो।

कार्यक्रममा सहभागीहरूले जलवायु परिवर्तनका असर न्यूनीकरण तथा वातावरणीय संरक्षणमा विद्यालयको भूमिका अझ प्रभावकारी बनाउन यस्ता सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिनुपर्ने आवश्यकता औँल्याएका थिए।



दूर दृष्टि डिजिटल प्रा.लि.
सम्पर्क: मनिषजी मो.नं.९८५१३६०६२१

# काठमाडौँमा चिनियाँ चलचित्र महोत्सव



काठमाडौं/ बेइजिङ अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा उत्कृष्ट घोषित भएका छवटा चिनियाँ चलचित्रहरू यहाँ प्रदर्शनी गरिएको छ।

बेइजिङ अन्तर्राष्ट्रिय चलचित्र महोत्सव प्रवर्द्धन कार्यक्रम 'तियानतान अवार्ड प्यानोरामा' यो प्रदर्शनी चलेको हो। ठमेलस्थित छाया सेन्टरमा तीन दिन चलेको प्रदर्शनी कार्यक्रमको आयोजना चीन चलचित्र प्रशासन र बेइजिङ अन्तर्राष्ट्रिय चलचित्र महोत्सव आयोजक समितिले गरेको थियो।

नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानसँगको साझेदारीमा यो प्रदर्शनी कार्यक्रम राखिएको हो। नेपालस्थित चिनियाँ सांस्कृतिक केन्द्र, काठमाडौं विश्वविद्यालयको कन्फ्युशियस इन्स्टिच्युट र त्रिभुवन विश्वविद्यालयको कन्फ्युशियस इन्स्टिच्युटले यस कार्यक्रममा विशेष सहयोग गरेका बताइएको छ।

तीन दिनको ९ शोमा देखाइएका ६ चिनियाँ फिल्म करिब १४ सय दर्शकले हेरेको आयोजकको दाबी छ। उनीहरूले आफूलाई मन परेको विभिन्न चिनियाँ चलचित्रहरू नेपालमा व्यावसायिक प्रदर्शनीको अपेक्षा गरेका छन्।

यस कार्यक्रम पश्चात चिनियाँ चलचित्रकर्मीले नेपाली बजारलाई गम्भीरताका साथ लिएको महसुस भएको प्रतिष्ठानका अध्यक्ष के.पी. पाठकको दाबी छ। उनले भने, 'चिनियाँ चलचित्रहरू पनि नेपालमा नियमित तथा व्यावसायिक रूपमा प्रदर्शन हुने वातावरण निर्माण हुने र नेपाली चलचित्रहरू चिनियाँ बजारमा विभिन्न माध्यमबाट प्रदर्शन हुनेमा हामी आशावादी छौं।'

कार्यक्रमको पहिला दिन 'ट्र्याप्ड', 'बियोन्ड द स्काइज' र 'समर डायरी' प्रदर्शन भएको थियो। दोस्रो दिन 'समर डायरी', 'द स्याडोलेस टावर' र 'जर्नी टु द वेस्ट' प्रदर्शन भएको थियो। यसैगरी तेस्रो दिन 'लस्ट इन द स्टार्स', 'द स्याडोलेस टावर' र 'जर्नी टु द वेस्ट' प्रदर्शन भएको थियो।

उद्घाटन समारोहमा चलचित्र 'ट्र्याप्ड' (Trapped) को प्रदर्शन अघि, नेपालका लागि चिनियाँ दूतावासका डेपुटी चिफ अफ मिसन तथा मिनिसटर काउन्सिलर चोउ पानले चीन र नेपालबीचको यस कार्यक्रममा मन्तव्य राख्नु भएको थियो। मन्तव्यका क्रममा जोउले भाषा र राष्ट्रिय सीमानाहरूभन्दा माथि उठ्ने एक "विश्वव्यापी भाषा" का रूपमा चलचित्र रहेको उल्लेख गर्नुभयो। यसले दुई देशबीचको सांस्कृतिक आदानप्रदानका लागि सबैभन्दा इमानदार र जीवन्त माध्यमको रूपमा काम गर्ने धाराणा उहाँको थियो।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# बजेटमा महत्वकांक्षा धेरै, कार्यान्वयनमा चुनौती

रमेश कुमार बोहोरा

> लोकतन्त्र स्थापना गर्नका लागि महत्वपूर्ण भुमिका लेख्ने मिडियाको विषयमा भने लोककल्याणकारी विज्ञापनलाई निरन्तरता दिने बाहेक अन्य कुनै पनि योजना ल्याएको छैन । अझ अनलाइन मिडिया लाई छुट्याउँदै आएको रकम भने काटिएको देखिन्छ ।



सरकारले आर्थिक वर्ष २०८३/०८४ का लागि २१ खर्ब २४ अर्ब ३४ करोड रुपियाँको महत्वाकांक्षी बजेट सार्वजनिक गर्दै उत्पादन वृद्धि, डिजिटल अर्थतन्त्र, सूचना प्रविधि, निजी क्षेत्रको सहभागिता र प्रशासनिक सुधारमार्फत आर्थिक रूपान्तरणको नयाँ खाका प्रस्तुत गरेको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संसद्मा प्रस्तुत गरेको बजेटलाई सरकार पक्षले "आर्थिक पुनर्जागरणको आधार" भनेको छ। बजेटका प्राथमिकता, स्रोत व्यवस्थापन, ऋणको बढ्दो भार, चालु खर्चको चाप तथा विगतको कमजोर कार्यान्वयन अवस्थालाई हेर्दा सरकारको घोषणाभन्दा यथार्थ फरक दिशातर्फ संकेत गरिरहेको देखिन्छ।

बजेटले उत्पादन, प्रविधि र निजी क्षेत्रलाई प्राथमिकता दिएको दाबी गरे पनि यसको ठूलो हिस्सा अझै पनि तलब, भत्ता, प्रशासनिक खर्च र ऋण भुक्तानीमा केन्द्रित छ। कुल बजेटमध्ये १२ खर्ब ७० अर्ब रुपियाँ चालु खर्चमा छुट्याइएको छ, जुन कुल बजेटको झण्डै ६० प्रतिशत हो। पुँजीगत खर्च ४ खर्ब ३१ अर्ब रुपियाँ मात्र रहेको छ भने ४ खर्ब २२ अर्ब रुपियाँ वित्तीय व्यवस्थापन शीर्षकमा विनियोजन गरिएको छ। यसमध्ये ठूलो रकम सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानीमा खर्च हुनेछ।

नेपालको सार्वजनिक ऋण २९ खर्ब रुपियाँ नाघिसकेको अवस्थामा विकास खर्चभन्दा ऋण व्यवस्थापनमा बढी स्रोत खर्चिनुपर्ने अवस्था सिर्जना भएको छ। राजस्वको ठूलो हिस्सा ऋण तिर्नमै खर्च हुन थालेपछि सरकारको विकास गर्ने क्षमता क्रमशः कमजोर हुँदै जान्छ। बजेटले उत्पादन र रोजगारीको कुरा गरे पनि त्यसका लागि आवश्यक वित्तीय आधार ऋणको दबाबले खुम्चिँदै गएको संकेत देखिन्छ।

सरकारले बजेटमार्फत मन्त्रालयको संख्या २२ बाट १८ मा झार्ने, ३१ वटा सरकारी निकाय खारेज गर्ने तथा प्रशासनिक संरचना पुनर्गठन गर्ने घोषणा गरेको छ। यो निर्णयलाई प्रशासनिक सुधारतर्फ सकारात्मक कदमका रूपमा हेरिएको छ। विगतमा पनि यस्ता घोषणा धेरै भए पनि कार्यान्वयनमा प्रभावकारी परिणाम नआएकाले यस पटक पनि शंका उब्जिएको छ। सरकारी संयन्त्रमा संरचनागत सुधारभन्दा राजनीतिक भागबन्डा र कर्मचारीतन्त्रको प्रतिरोध ठूलो चुनौती बन्ने देखिन्छ।

यस वर्षको बजेटको सबैभन्दा चर्चित पक्ष सूचना प्रविधि र कृत्रिम बौद्धिकता (एआई) मा केन्द्रित योजनाहरू हुन्। सरकारले पहिलो पटक सार्वभौम एआई कम्प्युट केन्द्र स्थापना गर्ने घोषणा गरेको छ। हजारौं एआई प्रोसेसिङ युनिट खरिद गरी युवालाई सहुलियतमा उपलब्ध गराउने, रिमोट वर्कलाई कानूनी मान्यता दिने, स्टार्टअपलाई कर छुट उपलब्ध गराउने तथा नेपाललाई डिजिटल अर्थतन्त्रतर्फ उन्मुख गराउने लक्ष्य राखिएको छ।

युवा जनशक्ति विदेश पलायन भइरहेका बेला प्रविधिमा आधारित रोजगारी सिर्जना गर्ने सरकारी प्रयास स्वागतयोग्य मानिए पनि नेपाल जनता कार्यान्वयन पक्षलाई लिएर आशंकित छन्। नेपालमा अझै आधारभूत डिजिटल पूर्वाधार, उच्च गतिको इन्टरनेट, दक्ष जनशक्ति तथा अनुसन्धान संस्कृतिको अभाव रहेको अवस्थामा एआई केन्द्रित कार्यक्रम घोषणामै सीमित हुने जोखिम रहेको उनीहरूको भनाइ छ।

निजी क्षेत्रलाई प्रोत्साहन गर्ने उद्देश्यले सरकारले व्यक्तिगत आयकरको सीमा बढाएको छ भने अधिकतम करदर ३९ प्रतिशतबाट २९ प्रतिशतमा झारेको छ। औद्योगिक कच्चा पदार्थमा भन्सार घटाइएको छ। ३६० प्रकारका वस्तुमा अन्तःशुल्क हटाइएको छ। स्टार्टअप कम्पनीलाई पाँच वर्षसम्म आयकर छुट दिने व्यवस्था गरिएको छ। गैरआवासीय नेपालीलाई दोस्रो बजारमा लगानी गर्न खुला गरिएको छ।

यी व्यवस्थाले निजी क्षेत्रलाई केही राहत दिने अपेक्षा गरिएको छ। व्यवसायीहरू सरकारको नीतिगत अस्थिरता, प्रशासनिक झन्झट, लगानी सुरक्षा तथा कमजोर बजार मागलाई अझै प्रमुख समस्याका रूपमा औंल्याइरहेका छन्। निजी क्षेत्रले कर छुटभन्दा बढी नीतिगत स्थिरता र लगानीमैत्री वातावरण खोजिरहेको अवस्था छ।

कृषि क्षेत्रलाई व्यवसायीकरण गर्ने उद्देश्यले भूमि बैंक, करार खेती, उत्पादनमा आधारित अनुदान, डिजिटल मल वितरण प्रणाली तथा कृषि लगानीमा ४० प्रतिशतसम्म अनुदान दिने व्यवस्था गरिएको छ। कृषि उत्पादन बढाउने र आयात प्रतिस्थापन गर्ने सरकारी लक्ष्य सकारात्मक भए पनि विगतका अनुभव उत्साहजनक छैनन्। वर्षौंदेखि कृषि अनुदान वितरणमा देखिएको अनियमितता, पहुँचवालाको कब्जा तथा कमजोर अनुगमनका कारण किसानसम्म कार्यक्रमको वास्तविक लाभ पुग्न सकेको छैन।

ऊर्जा क्षेत्रमा जलविद्युत् उत्पादन र निर्यातलाई निरन्तरता दिइएको छ। बुढीगण्डकी जलविद्युत् आयोजना निर्माणलाई अगाडि बढाउने घोषणा गरिएको छ। पूर्वाधार विकासअन्तर्गत फास्ट ट्र्याक, राजमार्ग स्तरोन्नति, रेलमार्ग र डिजिटल पूर्वाधारलाई प्राथमिकतामा राखिएको छ। तर विगतमा पुँजीगत बजेट खर्च गर्ने सरकारी क्षमता अत्यन्त कमजोर रहेको तथ्यले यसपटकका लक्ष्यहरू पनि चुनौतीपूर्ण देखिएका छन्।

लोकतन्त्र स्थापना गर्नका लागि महत्वपूर्ण भुमिका लेख्ने मिडियाको विषयमा भने लोककल्याणकारी विज्ञापनलाई निरन्तरता दिने बाहेक अन्य कुनै पनि योजना ल्याएको छैन। अझ अनलाइन मिडिया लाई छुट्याउँदै आएको रकम भने काटिएको देखिन्छ।

शिक्षा क्षेत्रमा बजेट वृद्धि भए पनि सुधारको गति अपेक्षाकृत कमजोर देखिन्छ। डिजिटल शिक्षा, सीपमूलक शिक्षा र अनुसन्धानलाई जोड दिइएको छ। "सिक्दै कमाउँदै" कार्यक्रममार्फत विद्यार्थीलाई पढाइसँगै रोजगारीको अवसर दिने योजना ल्याइएको छ। तर सार्वजनिक विद्यालयको गुणस्तर सुधार, शिक्षक व्यवस्थापन, विश्वविद्यालय सुधार तथा श्रम बजारसँग शिक्षा प्रणाली जोड्ने ठोस संरचनागत कार्यक्रम भने अझै अस्पष्ट छन्।

स्वास्थ्य क्षेत्रमा स्वास्थ्य बिमा कार्यक्रम पुनःसंरचना, टेलिमेडिसिन विस्तार तथा मातृ-शिशु स्वास्थ्यलाई प्राथमिकता दिइएको छ। यद्यपि निजी अस्पतालमा उपचार गराउने बिरामीबाट स्वास्थ्य समता शुल्क उठाउने निर्णयले स्वास्थ्य सेवाको लागत बढ्ने सम्भावना देखिएको छ। त्यस्तै निजी विद्यालयमाथि थप कर लगाइएकाले शिक्षा क्षेत्र पनि थप महँगो बन्न सक्ने अनुमान गरिएको छ।

बजेटले मध्यम वर्गलाई केही कर राहत दिएको भए पनि विद्युत् उपभोगमा भ्याट, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा थप आर्थिक भार सिर्जना गर्ने नीतिले नागरिकलाई राहतभन्दा थप बोझ थप्ने जोखिम पनि देखिएको छ। सरकार एकातिर स्वच्छ ऊर्जा प्रयोग बढाउन चाहन्छ भने अर्कोतिर ५० युनिटभन्दा बढी विद्युत् खपतमा करको भार थपिरहेको छ। यस्तो नीति आफैंमा विरोधाभासपूर्ण देखिएको टिप्पणी भइरहेको छ।

बजेटको अर्को महत्वपूर्ण कमजोरी समावेशी विकासको सवालमा देखिएको छ। दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, थारू, भूमिहीन, सीमान्त किसान तथा अपांगता भएका नागरिकका लागि लक्षित कार्यक्रम अपेक्षाकृत कमजोर देखिएका छन्। सामाजिक न्यायको नारा बजेटमा दोहोरिएको भए पनि त्यसलाई कार्यान्वयन गर्ने ठोस कार्यक्रम र पर्याप्त स्रोत विनियोजन भने देखिँदैन।

संघीयताको मूल मर्म स्थानीय तहलाई सबल बनाउनु भए पनि वित्तीय समानीकरण अनुदान घटाइएको छ। यसले स्थानीय सरकारमार्फत सञ्चालन हुने विकास तथा सामाजिक कार्यक्रम प्रभावित हुन सक्ने चिन्ता बढाएको छ। स्थानीय तहमा स्रोत घटाउँदै केन्द्रमा शक्ति केन्द्रित गर्ने प्रवृत्ति संघीयताको भावना विपरीत रहेको टिप्पणी हुन थालेको छ।

सरकारले बजेटमार्फत आर्थिक गतिविधि बढाउने, रोजगारी सिर्जना गर्ने, उत्पादन वृद्धि गर्ने र लगानी आकर्षित गर्ने महत्वाकांक्षी लक्ष्य प्रस्तुत गरेको छ। तर विगतका वर्षहरूमा पुँजीगत खर्च न्यून रहने, ठेक्का प्रणाली अस्तव्यस्त हुने, आयोजना समयमै सम्पन्न नहुने, भ्रष्टाचार नियन्त्रण प्रभावकारी नहुने तथा सुशासन कमजोर रहने समस्या जस्ताको तस्तै छन्।

विश्लेषकहरूका अनुसार नेपालको समस्या बजेटको आकार होइन, कार्यान्वयनको कमजोरी हो। प्रत्येक वर्ष नयाँ कार्यक्रम घोषणा गरिए पनि परिणाम नागरिकले महसुस गर्न सक्ने स्तरमा पुग्न सकेको छैन। यही कारण यस वर्षको बजेट पनि घोषणा र यथार्थबीचको दूरी घटाउन सफल हुन्छ कि हुँदैन भन्ने प्रश्नको घेरामा परेको छ।

समग्रमा बजेट २०८३/०८४ ले उत्पादन वृद्धि, डिजिटल रूपान्तरण, निजी क्षेत्रको सहभागिता तथा प्रशासनिक सुधारलाई केन्द्रमा राखेर अर्थतन्त्रलाई चलायमान बनाउने प्रयास गरेको देखिन्छ। तर बढ्दो सार्वजनिक ऋण, उच्च चालु खर्च, कमजोर कार्यान्वयन क्षमता, सामाजिक न्यायका सवालमा अपर्याप्त सम्बोधन तथा सुशासनको चुनौतीले बजेटको प्रभावकारितामाथि गम्भीर प्रश्न खडा गरेको छ।

घोषणामा महत्वाकांक्षी, तर स्रोत व्यवस्थापनमा ऋणनिर्भर र कार्यान्वयनमा पुरानै कमजोरी बोकेको यो बजेटले वास्तवमै आर्थिक रूपान्तरणको आधार तयार गर्छ वा अर्को वर्ष पनि अधुरा प्रतिबद्धताको सूचीमा सीमित हुन्छ भन्ने प्रश्नको उत्तर अब सरकारको कार्यशैलीले दिनेछ। नागरिकले बजेटको भाषण होइन, आफ्नो जीवनस्तरमा देखिने परिवर्तन खोजिरहेका छन्। *(लेखकः- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)*

# The Law written on your Heart

**P. Pilgrim**

What would this world be like if there were no rules or regulations. Just think of the difficulties that there would be. If there were no laws, the world would be in anarchy. Throughout their lives mankind is ruled by practical and moral rules. In the book of Romans, the apostle Paul tells us that the law of God was written on the hearts of men at creation.

This knowledge of the law is manifested in their conscience. Romans chapter 2 verse 14, 15 "For when the Gentiles, which have not the law, do by nature the things contained in the law, … which shew the work of the law written in their hearts, their conscience also bearing witness,'. The holy scripture is teaching us that there is no partiality with God. All men are found guilty of sin because all men have the law of God written on their hearts.

Man knows what is right and wrong, he also knows when he breaks the rules for his conscience is triggered and tells him. God is merciful and is warning us that God finds us guilty of breaking his law and as a result his judgment will fall upon mankind. No man can claim that they don't know the law of God because God has written it on the hearts and given all of us a conscience to awaken us to this moral knowledge in our hearts. Thus, all human beings have sufficient knowledge of what is right and wrong written on their hearts, so that their consciences can accuse them or affirm them. Many men know the laws of God but choose to ignore them or as Paul says in Romans 1 verse 18 they "suppress the truth".


For the past 80 years the UK has implemented the driving licence test. They saw the need for a licence to register the cars and their owners capability to drive safely, via a practical test in 1935 but the test was suspended for the duration of World War 2 and didn't resume until 1st November 1946. Driving was much more hazardous 80 years ago, statistics revealed that 7,343 people were killed on Great Britain's roads when only 2.4 million vehicles were in use.

In 2022, 1,711, people were killed with just over 35 million vehicles on the road. People's lives have been saved by the driving licence test. Teaching people the rules and how to drive safely has reduced the fatalities. In the beginning during the practical test, questions about the highway code were asked along with the practical driving test. However, in 1996 a theory test was introduced. Each improvement brought better safety results. But what would happen if people decided to ignore the rules for driving. The consequences would be horrendous; it would lead to countless fatalities and injuries.

Just like when men ignore God's law there are fatal consequences. The apostle Paul says in Romans 6 verse 23 'For the wages of sin is death;'. That means the penalty of disobeying God's law is death. The prophet Ezekiel 18 verse 4 warns 'the soul that sinneth, it shall die', therefore all men should die. But verse 23 of Romans 6 continues 'but the gift of God is eternal life through Jesus Christ our Lord.' Even though man is guilty, God offers him the gift of eternal life. Jesus Christ is the way, he is the gift, by repenting of his sins and accepting the free offer of salvation from Jesus Christ man can know forgiveness and peace with God. Christ died on the cross so that those who trust in him can receive salvation. The law written on the hearts of man show he is guilty and by his own strength he cannot make peace with God. He needs Jesus Christ to help him. Have you asked Jesus Christ to help you? The book of Acts informs us that if we 'Believe on the Lord Jesus Christ, and thou shalt be saved,' Acts 26 verse 31. Will you come today and believe on him?

*(pilgrimway101@yahoo.com)*

सुन चाँदीका गहनाका लागि
हामीलाई सम्झिनु होस्
विवाह, पास्नी लगायतका कुनै पनि खाले मांगलिक कार्यका लागि चाहिने गरगहनाका लागि हामीलाई सम्झिनु होस् ।
तपाईहरुको सेवामा हामी तयार छौं, काठमाडौंको मुटु मैतीदेवी चोक, काठमाडौंमा ।
सुन, चाँदी तथा हिराका तयारी गहनाहरुका अतिरिक्त तपाइँहरुको चाहना, डिजाइन अनुसारका गहना बनाउनका लागि हामी सेवामा हाजिर छौं ।





न्यु बुद्ध गहना गृह
मैतीदेवीचोक (श्रेष्ठ टेलरिङसँग), काठमाडौं
फोन नं.०१४५३४७५५, ९८१३६५२९१८

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# विश्व फुटबलको महायात्रा शुरु

अमेरिका/ चार वर्षको प्रतीक्षापछि विश्व फुटबलको सबैभन्दा प्रतिष्ठित प्रतियोगिता फिफा विश्वकपको नयाँ संस्करण बिहीबार रातिदेखि शुरु भएको छ। विश्वका उत्कृष्ट खेलाडी, शक्तिशाली राष्ट्रिय टोली र करोडौं समर्थकको ध्यान अहिले एकै ठाउँ अर्थात् विश्वकप फुटबलमा केन्द्रित भएको छ।

यस पटकको विश्वकप धेरै अर्थमा विशेष छ। पहिलो पटक ४८ राष्ट्रले सहभागिता जनाइरहेका छन् भने प्रतियोगिता संयुक्त रूपमा अमेरिका, क्यानडा र मेक्सिकोमा आयोजना भइरहेको छ। तीन देशका विभिन्न शहरस्थित रंगशालामा हुने खेलहरूले उत्तर अमेरिकालाई आगामी एक महिनाभन्दा बढी समयसम्म विश्व फुटबलको केन्द्र बनाउनेछन्।

विश्वकपमा युरोप, दक्षिण अमेरिका, अफ्रिका, एशिया, उत्तर अमेरिका तथा ओसियानाका उत्कृष्ट टोलीहरू मैदानमा उत्रिएका छन्। साविक विजेता अर्जेन्टिनादेखि ब्राजिल, फ्रान्स, जर्मनी, स्पेन, इंग्ल्यान्ड, पोर्चुगल, नेदरल्यान्ड्स लगायतका टोली उपाधि दाबेदारका रूपमा हेरिएका छन्। त्यस्तै, पहिलो पटक वा लामो अन्तरालपछि विश्वकप खेल्ने केही राष्ट्रले पनि समर्थकमा नयाँ उत्साह थपेका छन्।

विश्वकप केवल खेलकुद प्रतियोगिता मात्र होइन यो त राष्ट्रहरूको प्रतिष्ठा, खेल संस्कृतिको उत्सव र विश्वभरका मानिसलाई जोड्ने साझा माध्यम पनि हो। मैदानमा हुने प्रत्येक गोल, प्रत्येक जित-हार र प्रत्येक भावनात्मक क्षणले करोडौं समर्थकको मन छुने अपेक्षा गरिएको छ।

विश्व फुटबल महासंघ (फिफा) ले टोली संख्या बढाएपछि प्रतियोगिता अझ व्यापक र प्रतिस्पर्धात्मक बनेको छ। यसले नयाँ राष्ट्रहरूलाई विश्व मञ्चमा आफ्नो क्षमता देखाउने अवसर प्रदान गरेको छ भने समर्थकहरूलाई थप खेल हेर्ने अवसर दिएको छ।

अब आगामी केही सातासम्म विश्वको नजर उत्तर अमेरिकाका रंगशालातर्फ हुनेछ, जहाँ फुटबलका बादशाह को बन्छ भन्ने प्रश्नको उत्तर खोजिनेछ। विश्वकपको यात्रा शुरु भइसकेको छ र फुटबलप्रेमीहरू नयाँ इतिहास रचिने प्रतीक्षामा छन्।

## किन ...?

समयमै नतिरेमा उसको क्रेडिट स्कोर घट्छ र भविष्यमा ऋण प्राप्त गर्न कठिन हुन्छ।

बेलायत, जर्मनी, अष्ट्रेलिया लगायतका देशहरूमा पनि क्रेडिट रेटिङ, ऋण अभिलेख र कानूनी दाबीको स्पष्ट व्यवस्था छ। व्यापारिक संस्थाहरूले उधारोमा सामान बिक्री गर्दा लिखित सम्झौता, बिल तथा डिजिटल अभिलेख अनिवार्यजस्तै मानिन्छ।

भारतमा पनि व्यापारिक उधारो, चेक अनादर, ऋण असुली तथा दिवालियापन सम्बन्धी छुट्टाछुट्टै कानूनी संयन्त्र छन्। ऋण तिर्न नमान्ने वा जानाजान ठगी गर्ने व्यक्तिमाथि कानूनी कारबाहीको व्यवस्था छ। यसरी हेर्दा संसारभर उधारो कारोबारलाई पूर्ण रूपमा रोकिएको छैन, बरु व्यवस्थित र जिम्मेवार बनाइएको छ।

*नेपालमा किन आवश्यक ?*

नेपालमा उधारो कारोबारको अधिकांश हिस्सा अनौपचारिक छ। धैरैजसो कारोबार मौखिक विश्वासका आधारमा हुने गरेका छन्। "पछि तिर्छु", "धान बेचेर दिन्छु", "काम सकिएपछि हिसाब गरौंला" जस्ता सहमतिमा लाखौं रुपियाँको कारोबार हुने गरेको पाइन्छ। पछिल्ला वर्षहरूमा आर्थिक मन्दी, व्यापारिक संकुचन र बजारमा तरलताको समस्या बढेसँगै उधारो असुली ठूलो चुनौती बनेको छ। व्यापारीहरूले सामान बिक्री गरे पनि पैसा उठाउन नसक्ने अवस्था सिर्जना भएको गुनासो व्यापक रूपमा सुनिन्छ।

उदाहरणका लागि कुनै हार्डवेयर व्यवसायीले निर्माण कम्पनीलाई ५० लाख रुपियाँ बराबरको सामग्री उधारोमा दियो भने निर्माण कम्पनीले लामो समयसम्म भुक्तानी नगरेपछि त्यो व्यवसायी स्वयं आर्थिक संकटमा पर्न सक्छ। उसले बैंकको ऋण तिर्न नसक्ने, कर्मचारीलाई तलब दिन नसक्ने र अर्को कारोबार गर्न नसक्ने अवस्था आउन सक्छ।

त्यसैगरी गाउँका किराना पसलहरूले पनि वर्षौंसम्म उधारो उठाउन नसक्दा व्यवसाय बन्द गर्नुपर्ने अवस्था भोगिरहेका उदाहरणहरू भेटिन्छन्। अहिले उधारो सम्बन्धी विवाद समाधानका लागि देवानी कानून, करार कानून, चेक अनादर सम्बन्धी व्यवस्था लगायतका प्रावधान छन्। साना तथा अनौपचारिक उधारो कारोबारका लागि स्पष्ट र सरल व्यवस्था पर्याप्त नभएको गुनासो अहिले पनि छ। त्यसैले उधारो कारोबारलाई व्यवस्थित गर्न छुट्टै कानूनी ढाँचा आवश्यक भएको तर्क गरिँदै छ।

*के-के व्यवस्था हुन सक्छन् ?*

यस्तो कानूनको अन्तिम स्वरूप सार्वजनिक नभएसम्म निश्चित रूपमा भन्न सकिँदैन। विश्व अभ्यास र नेपालमा उठेका बहसका आधारमा केही सम्भावित व्यवस्था हुन सक्छन्। पहिलो, निश्चित रकमभन्दा माथिको उधारो कारोबार लिखित रूपमा गर्नुपर्ने व्यवस्था हुन सक्छ। दोस्रो, उधारो कारोबारको अभिलेख राख्नुपर्ने प्रावधान आउन सक्छ। तेस्रो, भुक्तानीको समयसीमा स्पष्ट तोकिन सक्छ। चौथो, जानाजान उधारो लिएर नतिर्ने वा ठगी गर्ने व्यक्तिमाथि जरिबाना वा अन्य कानूनी कारबाहीको व्यवस्था हुन सक्छ। पाँचौं, विवाद समाधानका लागि छिटो र सरल प्रक्रिया निर्माण हुन सक्छ।

*सम्भावित फाइदाहरू*

सबैभन्दा ठूलो फाइदा आर्थिक अनुशासन कायम हुनु हो। उधारो लिने र दिने दुवै पक्ष जिम्मेवार बन्नेछन्। व्यापारीहरूलाई आफ्नो रकम असुल गर्न सहज हुनेछ। बजारमा भुक्तानी प्रणाली व्यवस्थित हुँदा आर्थिक गतिविधि थप पारदर्शी बन्न सक्छ। उदाहरणका लागि कुनै कम्पनीले ६० दिनभित्र भुक्तानी गर्नुपर्ने कानूनी दायित्व भएमा आपूर्तिकर्ताहरूले वर्षौंसम्म पैसा कुर्नुपर्ने अवस्था कम हुन सक्छ।

त्यसैगरी बैंक तथा वित्तीय संस्थाहरूले पनि व्यवसायको वास्तविक आर्थिक अवस्था मूल्याङ्कन गर्न सजिलो पाउनेछन्। उधारो कारोबारको अभिलेख उपलब्ध हुँदा जोखिम व्यवस्थापन प्रभावकारी हुन सक्छ। व्यापारिक विश्वास पनि बढ्न सक्छ किनकि कानूनी सुरक्षा भएको अवस्थामा व्यवसायीहरूले निर्धक्क भएर कारोबार गर्न सक्छन्।

*बेफाइदा र चुनौतीहरू*

कुनै पनि कानूनका सकारात्मक पक्षसँगै केही चुनौतीहरू पनि हुन्छन्। नेपालको ग्रामीण समाजमा विश्वासमा आधारित कारोबारको परम्परा बलियो छ। अत्यधिक कानूनी झन्झट थपिएमा साना व्यवसायी र सर्वसाधारणलाई असहज हुन सक्छ। उदाहरणका लागि गाउँको सानो किराना पसलले प्रत्येक उधारो कारोबारको विस्तृत कागजात तयार गर्नुपर्ने व्यवस्था भयो भने व्यावहारिक कठिनाइ उत्पन्न हुन सक्छ।

त्यसैगरी आर्थिक समस्या वा व्यावसायिक असफलताका कारण साँच्चिकै भुक्तानी गर्न नसकेका व्यक्तिहरूलाई अपराधीसरह व्यवहार गरियो भने त्यसले अन्यायको अवस्था पनि सिर्जना गर्न सक्छ। ऋण तिर्न नसक्नु र ठगी गर्ने उद्देश्यले नतिर्नु एउटै कुरा होइन भन्ने तथ्यलाई कानूनले स्पष्ट छुट्याउनुपर्ने हुन्छ।

अर्को चुनौती कार्यान्वयनको हो। कानून बनाउनु मात्र पर्याप्त हुँदैन। त्यसको प्रभावकारी कार्यान्वयन, अभिलेख व्यवस्थापन, विवाद समाधान संयन्त्र र जनचेतना पनि उत्तिकै आवश्यक हुन्छ।

*सन्तुलित कानून आवश्यक*

उधारो सम्बन्धी कानून बनाउँदा राज्यले दुई पक्षबीच सन्तुलन कायम गर्नुपर्छ। एकातिर उधारो दिने व्यक्तिको रकम सुरक्षित हुनुपर्छ भने अर्कोतिर वास्तविक कठिनाइमा परेका ऋणीमाथि अनावश्यक दमन हुनु हुँदैन।

विश्वका सफल अभ्यासहरूले देखाएका छन् कि राम्रो कानूनले उधारो कारोबारलाई रोक्दैन, बरु अझ सुरक्षित र विश्वसनीय बनाउँछ। त्यसैले नेपालमा बन्ने सम्भावित उधारो कानून पनि दण्डमुखीभन्दा बढी व्यवस्थापनमुखी, पारदर्शितामुखी र न्यायोचित हुनुपर्छ।

उधारो नेपाली समाज र अर्थतन्त्रको अभिन्न हिस्सा हो। बढ्दो आर्थिक जटिलता, असुली समस्या र व्यापारिक विवादका कारण यस क्षेत्रलाई व्यवस्थित गर्ने आवश्यकता पनि बढ्दै गएको छ। यदि प्रस्तावित उधारो कानूनले कारोबारलाई पारदर्शी बनाउने, समयमै भुक्तानी सुनिश्चित गर्ने, ठगी नियन्त्रण गर्ने र विवाद समाधानलाई सहज बनाउने उद्देश्य पूरा गर्न सक्यो भने यसले अर्थतन्त्रलाई सकारात्मक दिशा दिन सक्छ।

कानून बनाउँदा साना व्यवसायी, किसान, मजदुर र सामान्य नागरिकको व्यावहारिक अवस्था पनि ध्यानमा राख्नुपर्छ। अन्यथा राम्रो उद्देश्यले बनाइएको कानून नै बोझ बन्न सक्छ। त्यसैले उधारो सम्बन्धी कानूनको सफलता यसको कठोरतामा होइन, न्यायपूर्ण, व्यावहारिक र सन्तुलित कार्यान्वयनमा निर्भर रहनेछ।

## निष्क्रृय ...

सम्पत्तिसमेत बेचेर बैंक तथा वित्तीय संस्थामा राखे। अहिले साँवा नै बचेन। बैंक तथा वित्तीय संस्थाले जोखिमपूर्ण क्षेत्रमा लगानी गर्दा सरकारले मतलब गरेन। सरकारले इजाजतपत्र दियो, कर लियो तर नियमन गरेन। सरकारको हेल्चेक्र्याइँले बैंक तथा वित्तीय संस्था अस्तित्व नै मेटिने अवस्थामा पुगेको छ। पहिले सहकारी डुब्यो, अब बैंकको पालो आउँदैछ।

सरकारले बैंक तथा वित्तीय संस्थामा नियमित नियमन गरेको भए, सायदै आज यो अवस्था आउँथ्यो। यता, जनता पनि ब्याज आउँदा मख्ख परे। आफ्नो पैसा कहाँ लगानी गरेर बैंक तथा वित्तीय संस्थाले लगानी गरेको छ ? जनताले कहिल्यै खोजेनन्। महिनैपिच्छे ब्याज आएपछि बचतकर्ता मख्ख। काम नगर्ने, ब्याजमा रमाउने प्रवृत्ति मौलाउँदै गएको थियो।

बचतकर्तालाई राम्रो ब्याज दिन र घुस खान बैंक तथा वित्तीय संस्थाले जोखिमपूर्ण क्षेत्रमा लगानी गऱ्यो। अहिले पैसा डुबेपछि बचतकर्ता पछुताउँदै छन्। बचतकर्ता कहिल्यै आफ्नो पैसा कहाँ लगानी गरिएको छ ? भनेर खोज्न हिँडेनन्। कुन बैंकले कति ब्याज दिन्छ ? कहाँ बढी ब्याज पाइन्छ ? भनेर खोज्दै हिँड्थे।

भुइँको टिप्न खोज्दा पोल्टाको पनि खसेको छ। पहिले बैंक तथा वित्तीय संस्थाले लुट्यो, अब सरकारले लुट्दै छ। जनताको पैसामा सरकार नजर गाँढेर बसेको छ। सरकारले निष्कृय खातामा रहेको एक खर्ब ६६ करोड रुपियाँ राष्ट्रियकरण गर्ने तयारी गरिरहेको छ। जनताको पैसा त्यसरी लैजान मिल्छ ?

सरकारले त सार्वजनिक सूचना जारी गरेर क-कसको खातामा कति पैसा छ ? जनतालाई जानकारी गराउनुपर्ने हो। त्यसपछि पनि जनता हकदाबी गर्न आएनन् भने छुट्टै कुरा हो। सरकार सूचना नै जारी नगरिकन जनताको पैसा खलप्पै पार्ने दाउमा छ।

सरकारले स्रोत नखुलेको पैसा राष्ट्रियकरण गरोस्। जनताकै हकमा पनि खोजतलास गरोस्, स्रोत खुलेन भने राज्यको नाममा लगोस्। राज्य जनताले बचत गरेको पैसामा आँखा लगाएर बसेको छ। त्यसरी बचत गर्ने कतिपय मरिसकेका होलान्। उनीहरुको परिवारलाई पैसा राखेको छ भनेर जानकारी नहोला। तिनलाई जानकारी गराउने कि जानकारी नभएको मौका छोपेर हात मार्ने ?

सरकार पनि जनता लुट्ने बाटोमा छ। बाबुआमाको सम्पत्तिमा छोराछोरीको हकदाबी लाग्छ। थाहै नपाई कसरी हकदाबी गर्नु ? सरकारले निष्कृय खाताको पैसा राष्ट्रियकरण गर्नुअघि सार्वजनिक सूचना जारी गरेर जनतालाई सूचित गराउनुपर्छ।

सरकारले एक लाखसम्म बचत भएका सहकारीका बचतकर्तालाई रकम फिर्ता गर्ने निर्णय गरेको छ। जनताले तिरेको करबाट सरकारले त्यो रकम फिर्ता गर्दैछ। जनताले तिरेको करले रकम फिर्ता गर्ने होइन, तिनको स्रोत खोज्ने हो। त्यो पैसा कहाँबाट ल्यायो ? स्रोत खोल्न सक्यो भने फिर्ता दिने नत्र समात्ने। भ्रष्टाचार गरेको, राजश्व छलेको पैसा सहकारीमा लगेर राखिएको छ।

त्यस्तालाई समात्ने कि जनताले तिरेको करबाट रकम फिर्ता दिने ? अहिले मन्त्रिमण्डलमा सबै विज्ञहरु छन्। अर्थमन्त्रीको पद अर्थविज्ञले सम्हालेका छन् तैपनि यति सानो कुरा देख्दैनन्। मनन गर्न सक्दैनन् अनि कसरी अर्थविज्ञ भन्नु ?

एउटा सरकारी परिचर पदका कर्मचारीको काठमाडौंमा पाँच वटा घर छन्। छोराछोरी महँगा विद्यालयमा पढाएका छन्। मिठो खाएका छन्, सुकिलामुकिला बनेका छन्। तलबले छोराछोरी पढाएर काठमाडौंमा घर बनाउन सकिन्छ ? राज्यले त्यस्ताको सम्पत्ति खोजेर स्रोत नखुलेको राष्ट्रियकरण गर्नुपर्ने होइन ? सरकारी सम्पत्ति दोहन गरेर, व्यक्तिको नाममा लगेर धेरै पूँजीपति बनेका छन्।

तिनलाई कारबाही गर्नुपर्ने होइन ? २०४६ सालपछि धेरै पटक प्रधानमन्त्री फेरिए। राजनीतिक दलबाट मात्र नभई कर्मचारी पनि प्रधानमन्त्री बने। पूवप्रधानन्यायाधीश सुशीला कार्की र खिलराज रेग्मी प्रधानमन्त्री भए। सुशीला त सम्पत्ति विवरण सार्वजनिक नै नगरिकन हिँडिन्।

मन्त्रिपरिषद्‌ले गरेको एउटा निर्णयले देशको कायापलट हुन्छ। सरकारले जनता, कर्मचारी, राजनीतिक दल सबैको सम्पत्ति छानविन गर्ने निर्णय गर्नुपर्छ, देश बन्छ। नेपाल विकसित मुलुकबाट धनी हुन्छ। यहाँ राज्य कंगाल छ, व्यक्ति मालामाल छन्। राज्यलाई खोक्रो बनाएर व्यक्ति मोटाएका छन्।

तिनलाई कानूनको दायरामा ल्याउन सकियो, देश धनी हुन्छ। सरकारले सम्पत्ति छानविन गर्ने हो भने कसैले भ्रष्टाचार र राजश्व छली गर्न सक्दैन। सरकारले नै खोजेर लैजाने भएपछि कसैले भ्रष्टाचार गर्ने आँट गर्छ ? बालेन्द्र शाह (बालेन) प्रधानमन्त्री भएको यो बेला पनि घुस खाने क्रम रोकिएको छैन। यही साता ७७९ वटा विद्युतीय गाडी भन्सारबाट कटाइएको विषयले अहिले बजार तातिरहेको छ। विद्युतीय गाडीमा भन्सार बढ्ने भनी बजेटमा आउने सूचना पाएपछि व्यापारीले ती गाडीहरु नेपाल भित्र्याएको बताइएको छ।

पाँच दशकदेखि कालो तथा हरियो प्लेटको ट्याक्सी, फो स्ट्रक टेम्पो, कालीमाटीमा चल्ने ढुवानी गाडीको दर्ता बन्द छ। यातायात व्यवसायीले पार्टीको झोला बोकेर जनतालाई दुःख दिइरहेका छन्। यो सरकारको त्यता आँखा जाला ? जनताले दुईतिहाई नजिक पुऱ्याएका छन्। हेरौं के-के गर्लान् ? रास्वपा सरकारले यातायात क्षेत्रमा भएको सिण्डिकेट तोडे भने इतिहासमा लेखिनेछ। अहिले पनि २० वर्षे पुराना गाडीको स्क्र्याप गरेको नम्बर प्लेट ११ लाखमा खरिदबिक्री भइरहेको छ। बालेन सरकारको यतातिर ध्यान जाओस्। जनताले सहज र सुलभ रुपमा यातायात सेवा पाउने जनताको अधिकार सुनिश्चित गरोस्।

## ५५ र ...

(सडक डिभिजन हेटौंडा) गोपाल खकुरेल (ललितपुर सडक), रामबहादुर गुरुङ, निरज शाक्य, होमबहादुर आरसी लगायत करिव १ दर्जन बढी सिडिईहरु पनि घर जाने बताइएको छ।

यसरी बुढा सुईहरुको अवकाश हुने भएपछि सडक विभागमा युवापुस्ताका क्षमतावान् सुईहरु चुडाराज ढकाल, शुभराज न्यौपाने, प्रभातकुमार झा, नरेन्द्र सुवेदी, ज्ञानेन्द्र झा, विजय महतो, धर्मेन्द्र झा र श्यामबहादुर खड्का, कुवेर नेपालीलगायतका सुईहरु बाँकी रहने बताइएको छ।

सडक विभागमा ठूलो संख्यामा सुईहरुको अवकाश हुँदा महत्वपूर्ण महाशाखा खाली हुने अवस्था आउनेछ। आर्थिक वर्ष समाप्त हुन १ महिना मात्र बाँकी रहँदा अब हुने सुईहरुको सरुवामा हाल एडीबी निर्देशनालयमा कार्यरत ढकाल, विभागको योजना महाशाखा, संघीयका न्यौपाने एडीबीमा सरुवा हुने चर्चा चलेको छ। ढकालले दाउन्ने सडकको, नारायण-बुटवल खण्ड, मुग्लिन-पोखरा सडक खण्ड सम्पन्न गरी कमला-कञ्चनपुर सडकलाई तीव्र गतिमा अघि बढाएको जानकारहरुले बताएका छन्।

यता, संघीय निजामती ऐनका कारण पूर्वाधार सचिव गोपाल सिग्देल पनि अवकाश हुने भएपछि सडक विभागको महानिर्देशक बन्नै नपाई मन्त्रालयमा थन्क्याइएका ई. भीमार्जुन अधिकारी सचिव बन्ने संभावना रहेको मन्त्रालय श्रोतले बताएको छ।

## सचिव ...

हाल दुबै मन्त्रालयलाई गाभेर भूमि व्यवस्था, सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बनाइएको छ। सहसचिव हुँदा लामो समय अर्थ मन्त्रालय र भूमि व्यवस्थामा कार्यरत पौडेललाई सचिवमा बढुवा भएपछि खड्गप्रसाद शर्मा ओली नेतृत्वको सरकारमा सामान्य प्रशासन मन्त्री बनेकी भगवती न्यौपानेले ल्याएको श्रोतले जानकारी दिएको छ। सचिव पौडेललाई ५५ वर्ष उमेर हदका कारण घर जाने र निर्णय क्षमता कमजोर भएको आरोप लगाइएको छ।

यता, कृषि मन्त्रालयको सहसचिवबाट सचिव पदमा बढुवा भएपछि मधेश प्रदेशको प्रमुख सचिव बनेका सचिव भुजेल गत २०८२ मंसिरमा भूमि व्यवस्था तथा सहकारी मन्त्रालयमा सरुवा भै सामान्य प्रशासनको समेत जिम्मेवारी पाउन सफल भएका छन्।

## सरकारमाथि ...

कूटनीतिक संवेदनशीलतासँग जोडिएको विषयमा प्रधानमन्त्रीले जिम्मेवार अभिव्यक्ति दिनुपर्ने बताएका छन्।

एक अन्तर्राष्ट्रिय सम्बन्धका अध्येताले भने, "सीमा विवाद अत्यन्त संवेदनशील विषय हो। यस्तो विषयमा सरकार प्रमुखको अभिव्यक्ति तथ्य, प्रमाण र कूटनीतिक तयारीमा आधारित हुनुपर्छ। अन्यथा त्यसले अनावश्यक विवाद निम्त्याउन सक्छ।" प्रधानमन्त्रीको उक्त अभिव्यक्तिपछि सामाजिक सञ्जालदेखि संसदसम्म बहस चर्किएको छ। कतिपयले यसलाई यथार्थ स्वीकार गर्ने साहसिक प्रयास भनेका छन् भने अर्काथरीले राष्ट्रिय अडान कमजोर बनाउने अभिव्यक्तिका रूपमा टिप्पणी गरेका छन्।

संसदमा प्रतिपक्षी दलहरूले पनि पछिल्ला दिनहरूमा सरकारमाथि निरन्तर दबाब बढाएका छन्। बजेट, सुशासन, नियुक्ति, विदेश नीति तथा सार्वजनिक उत्तरदायित्वका विषयमा प्रतिपक्षले सरकारलाई घेराबन्दी गर्ने रणनीति अपनाएको देखिन्छ। संसदको पछिल्लो अधिवेशनमा प्रतिपक्षी सांसदहरूले सरकारका निर्णयहरूमा पारदर्शिताको अभाव रहेको आरोप लगाएका छन्।

विशेषगरी अर्थ मन्त्रालयसँग सम्बन्धित विषयले थप चर्चा पाएको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रस्तुत गरेको बजेटबारे विभिन्न अड्कलबाजी र टिप्पणीहरू सार्वजनिक भएका छन्। बजेट निर्माण प्रक्रियामा केही प्रभावशाली समूहको अस्वाभाविक प्रभाव रहेको तथा बजेटका केही अंश पूर्वनिर्धारित रूपमा तयार गरिएको भन्ने चर्चा राजनीतिक वृत्तमा चलिरहेको छ। सरकारले यस्ता आरोपहरूको खण्डन गर्दै बजेट संविधान, कानून र स्थापित प्रक्रियाअनुसार तयार गरिएको दाबी गरेको छ।

"बजेट निर्माण प्रक्रियामाथि प्रश्न उठ्नु आफैंमा गम्भीर विषय हो। यदि आरोपहरू निराधार हुन् भने सरकारले तथ्यसहित जवाफ दिनुपर्छ, यदि सत्य हुन् भने त्यसको छानविन हुनुपर्छ," एक अर्थविश्लेषकले 'नयाँ विमर्श' सँग कुरा गर्दै बताए।

सरकारभित्र पनि शक्ति-सन्तुलनको नयाँ समीकरण देखिन थालेको राजनीतिक वृत्तको विश्लेषण छ। महावीर पुनलाई मन्त्री बनाइएको निर्णयलाई केहीले प्राविधिक दक्षता र नवप्रवर्तनप्रतिको प्रतिबद्धताका रूपमा व्याख्या गरेका छन् भने केहीले यसलाई सरकारको लोकप्रियता बढाउने प्रयासका रूपमा हेरेका छन्। ग्रामीण प्रविधि, नवप्रवर्तन र सामाजिक अभियानका क्षेत्रमा परिचित पुनको प्रवेशले सरकारलाई सकारात्मक सन्देश दिन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

सरकारका लागि सबैभन्दा रोचक र संवेदनशील विषयमध्ये एक भारतसँगको सम्बन्ध पनि बनेको छ। प्रधानमन्त्री बालेन्द्र शाहलाई भारत भ्रमणको निम्तो आएको चर्चा भइरहेका बेला उनी त्यसप्रति खासै उत्साहित नदेखिएको टिप्पणी राजनीतिक वृत्तमा सुनिन थालेको छ। सरकारका निकटवर्ती स्रोतहरूले भने भ्रमणको समय, एजेन्डा र कूटनीतिक तयारीका विषयमा गृहकार्य भइरहेको बताउने गरेका छन्।

यसैबीच राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको भारत भ्रमणले पनि राजनीतिक चर्चा बढाएको छ। लामिछानेले विभिन्न राजनीतिक तथा कूटनीतिक भेटघाट गरेको चर्चा सार्वजनिक भएपछि त्यसको राजनीतिक अर्थ खोज्ने प्रयासहरू भइरहेका छन्। कतिपय विश्लेषकहरूले यसलाई सामान्य राजनीतिक गतिविधि मानेका छन् भने केहीले क्षेत्रीय शक्ति केन्द्रहरूसँग सम्बन्ध विस्तारको संकेतका रूपमा व्याख्या गरेका छन्।

एक वरिष्ठ राजनीतिक विश्लेषक भन्छन्, "रवि लामिछानेको भारत भ्रमणलाई स्वाभाविक राजनीतिक गतिविधिका रूपमा पनि हेर्न सकिन्छ। वर्तमान राजनीतिक प्रतिस्पर्धाको सन्दर्भमा यसले सत्तारूढ नेतृत्वमाथि मनोवैज्ञानिक दबाब सिर्जना गरेको हुन सक्छ।"

राजनीतिक वृत्तमा प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वमाथि बढ्दो चुनौतीबारे पनि चर्चा हुन थालेको छ। सरकार गठनपछि जनअपेक्षा अत्यधिक बढेको थियो। भ्रष्टाचार नियन्त्रण, सुशासन, सेवा प्रवाह सुधार तथा राजनीतिक संस्कारमा परिवर्तनका विषयमा जनताले ठूला अपेक्षा राखेका थिए। सरकार सञ्चालनका क्रममा देखिएका विवाद, निर्णय प्रक्रियामाथि उठेका प्रश्न र विभिन्न राजनीतिक घटनाक्रमले सरकारलाई रक्षात्मक अवस्थामा पुऱ्याएको विश्लेषण गरिँदै छ।

सरकार पक्ष भने आलोचनालाई लोकतान्त्रिक प्रक्रियाको स्वाभाविक हिस्सा मान्छ। सरकार निकट नेताहरूले सुधारका प्रयासहरू जारी रहेको, पुराना संरचनागत समस्याहरू समाधान गर्न समय लाग्ने र सरकार परिणाममुखी काममै केन्द्रित रहेको दाबी गरेका छन्।

राजनीतिक घटनाक्रम तीव्र गतिमा बदलिइरहेको वर्तमान अवस्थामा सुदन गुरुङको पुनरागमन, दरबार हत्याकाण्डको फाइल खोल्ने चर्चा, संसदमा उठेका विवादास्पद अभिव्यक्ति, बजेट निर्माण प्रक्रियामाथिका प्रश्न, प्रतिपक्षी दलहरूको सक्रियता तथा भारतसँग सम्बन्धित कूटनीतिक गतिविधिहरूले आगामी दिनमा नेपाली राजनीतिलाई अझै तरंगित बनाउने संकेत देखिएको छ। अब सरकारमाथि उठेका प्रश्नहरूको जवाफ कसरी दिन्छ, पारदर्शिता र उत्तरदायित्वका विषयमा कस्तो व्यवहार देखाउँछ तथा जनअपेक्षालाई कसरी सम्बोधन गर्छ भन्ने कुराले आगामी राजनीतिक दिशालाई निर्धारण गर्ने विश्लेषकहरूको निष्कर्ष छ।

## अर्थमन्त्री ...

विधेयकमा ४ सय ४८ पृष्ठमात्र मेटिएपछि विपक्षी दलहरु आक्रामक बनेका हुन्। यसका साथै बजेट बनाउँदाको सूचना चुहावट भएपछि ७ सय ७९ वटा विद्युतीय सवारी साधन आयात भएपछि अर्थमन्त्री विपक्षी दलहरुको घेराबन्दी र पासो परेको समाचार श्रोतले बताएको छ।

यसबारेमा करको दर हेरफेर प्रकरणले अर्थमन्त्री डा. वाग्ले नैतिक संकटमा परेपछि अर्थमन्त्रालयले छानविन समिति गठन गरी छानविन गर्न एक टोली रसुवा भन्सारतर्फ पठाए पनि समस्या समाधान हुन सकेको छैन। यसअघि अर्थमन्त्रालयमा आर्थिक वर्ष २०७९/२०८० को बजेट निर्माणका क्रममा अनधिकृत व्यक्तिको प्रवेश र मुसाले तार काटेको काण्डले तात्कालिन अर्थमन्त्री जनार्दन शर्माको पालामा संसदीय छानविन समिति गठन भएको थियो। बजेट निर्माणका बेला अर्थमन्त्री, अर्थसचिव, बजेट महाशाखाका प्रमुख र भन्सार विभागका महानिर्देशक बाहेक अरुले करको दर हेरफेर गर्ने सूचना थाहा नपाउने हुनाले मिहिन ढंगले छानविन हुनुपर्ने विपक्षीहरुको अडान छ।

प्रतिनिधिसभाको बैठक प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) को अभिव्यक्तिका कारण अवरुद्ध रहेको अवस्थामा अर्थमन्त्रीको कर हेरफेर प्रकरणले थप समस्या उत्पन्न भएको छ। ७७९ वटा बिवाइडी गाडी भन्सार छली काण्डले अर्थमन्त्रीलाई करिव २ अर्ब रुपियाँ बराबरको कमिशन हात परेको आरोप लागेको छ।

बजेट आउनुअघि नै गत जेठ १४ गते झण्डै २ सय बढी गाडी जाँच पास गरिएको भेटिएको छ। यो प्रकरणमा प्रति गाडी एक लाखका दरले कमिशन डिल भएको कर्मचारीहरुको टोलीले गेट इन्ट्री नहुँदै प्रज्ञापन बनाएर बीवाइडीको कर चोरी गरेपछि खैलाबैला मच्चिएको छ।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly




# 'नभनेका कति कुरा' सार्वजनिक



काठमाडौं। गीतकार तारा अधिकारीको नयाँ सांगीतिक कोशेली 'नभनेका कति कुरा' सार्वजनिक गरिएको छ। प्रेम, भावना र सम्बन्धका सूक्ष्म आयामलाई कलात्मक रूपमा प्रस्तुत यस गीतमा प्रस्तुत गरिएको छ। गीत सार्वजनिक भएसँगै संगीतप्रेमी श्रोता-दर्शकमाझ सकारात्मक चर्चा बटुल्न थालेको छ।

गीतमा तारा अधिकारीका भावपूर्ण शब्द रहेका छन्। यसैगरी संगीतकार किरण कँडेलले संगीत सिर्जना गरेका छन्। कुशल सिंहको संगीत संयोजन रहेको गीतमा लोकप्रिय गायक-गायिका रजिना रिमाल तथा करण परियारको सुमधुर श्वर सुन्न सकिन्छ। यसले गीतलाई थप आकर्षक बनाएको छ।

प्राविधिक पक्षमा पनि गीतलाई विशेष ध्यान दिइएको छ। गीतको रेकर्डिङ शम्भु कुमार तन्डुकारले गरेका हुन्। मिक्सिङ अशोक महर्जनले गरेका छन्। मिक्सिङ सुपरभिजन तथा मास्टरिङको जिम्मेवारी संगीतकार किरण कँडेलले नै सम्हालेका छन्।

गीतसँगै सार्वजनिक गरिएको म्युजिक भिडियोमा कलाकार महेश खड्का र स्मृति श्रेष्ठको प्रभावशाली अभिनय देख्न सकिन्छ। भिडियोमा प्रेम र सम्बन्धका भावनात्मक पक्षलाई जीवन्त ढंगले प्रस्तुत गर्ने प्रयास गरिएको छ। भिडियोको मेकअप कविता तोलाङ्गीले गरेकी छन्। यसैगरी अनुजा अधिकारीको कोरियोग्राफी रहेको छ। प्रोडक्सन व्यवस्थापनको जिम्मेवारी मनीष डीकेले निर्वाह गरेका छन्।

भिडियोको छायांकन विनोद बलले तथा सम्पादन र कलरिङ नारोत्तम पाण्डेले गरेका छन्। यस्तै, बाबुराम निरौला प्रमुख सहायक निर्देशकका रूपमा आवद्ध छन्। गीतको निर्देशन तथा निर्माण स्वयं गीतकार तारा अधिकारीले गरेकी हुन्। सशक्त शब्द, मधुर संगीत र आकर्षक दृश्य संयोजनका कारण 'नभनेका कति कुरा' ले समकालीन नेपाली संगीतमा आफ्नो छुट्टै स्थान बनाउन सक्ने अपेक्षा गरिएको छ।







## सेवाग्राहीमैत्री सेवा, सुशासनको आधार

- सेवाग्राहीसँग नम्र, शिष्ट र सम्मानजनक व्यवहार गरौं,
- सेवा प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाऔं,
- अनावश्यक ढिलाइ र झन्झटबाट मुक्त सेवा प्रवाह गरौं,
- सूचनाको हक सुनिश्चित गरौं,
- भ्रष्टाचार अनियमितता पूर्ण रुपमा निषेध गरौं,
- गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाऔं,
- प्रविधिमैत्री सेवा विस्तार गरौं,
- जवाफदेही र परिणाममुखी कार्यशैली विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Chief-Editor/Publisher : **Koushal Kumar Bhattarai,** Editor : **Krishna Lamsal** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel,**
Chief Reporter: R. Aryal, International News Coordinator: S. Bhattarai,, I.T. Chief: Spandan Bhattarai, Computer Designer: Roshan Gyewali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-5367064, Email : **nayabimarsha@gmail.com**